म.जि.प्र.का.द.नं. : १०६/०६८, | वर्ष १५ | अंक १६४ | बिहीबार, १५ माघ २०८२ | ने. सं. ११४६ पोहेलागा | 29 January 2026 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## सहिदप्रति सम्मान गरौं ।

- सहिद राष्ट्रिय गौरव हुन् ।
- सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
- सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
- सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं
- देश प्रेम र एकताको भावना जागृत गराऔं ।
- सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

*सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

हेटौंडा-काठमाडौं कान्ति लोकपथ सातदशकमा पनि सम्पन्न हुन सकेन


# ७० वर्षमा ७५ प्रतिशत काम

सञ्जीव सुनार

हेटौंडा, १४ माघ/ संघीय राजधानी काठमाडौं र बागमती प्रदेश राजधानी हेटौंडा जोड्ने छोटो सडककारुपमा रहेको कान्ति लोकपथको निर्माण सात दशकमा पनि सम्पन्न हुन सकेन । नेपालमा विकासको मोडल हेर्न टाढा जानुपर्ने अवस्था छैन ।

तत्कालीन राजा महेन्द्रले २०१६ सालमा आफैंले जीप हाँकेर काठमाडौंबाट हेटौंडा आएको यस लोकपथको निर्माण काठमाडौं-वीरगन्ज जोड्ने त्रिभुवन राजपथको विकल्पकारुपमा २०१३ सालबाट सुरु भएको थियो । यो लोकपथलाई काठमाडौं-हेटौंडा जोड्ने छोटो दुरीको वैकल्पिक मार्ग मानिन्छ । करिव ९० किलोमिटर लम्बाइ रहेको मुलुककै पुराना सडक आयोजनामध्येको यो लोकपथको निर्माण सात दशकमा ७५ प्रतिशत सम्पन्न भएको छ । नेपाली सेनाले २०१३ सालदेखि २०१६ सम्म यसको ट्र्याक खोली निर्माण सुरु गरेको थियो ।

निर्माण सुरु भएदेखि हरेक वर्ष एक किलोमिटरका दरले पनि काम सम्पन्न गरेको भए अहिलेसम्म यो लोकपथको काम सम्पन्न भइसक्थ्यो तर, यो सडक आयोजनाले मुलुकको पूर्वाधार विकासको गतिलाई गिज्याइरहेको छ । यो लोकपथको निर्माण सुरु भएका बेला जन्मेका बच्चा अहिले वृद्ध भइसकेका छन् तर, यसको निर्माण सम्पन्न हुन सकेको छैन । कान्ति लोकपथ आयोजनाका इन्जिनियर राजन पाण्डेले आयोजनाको तीनतिहाइ काम सम्पन्न भइसकेको बताए । बजेटको अभाव तथा प्राकृतिक कारणले यो आयोजनाको काम सम्पन्न हुनमा ढिलाइ भएको बताउँदै आगामी आर्थिक वर्ष (२०८३/८४) सम्म आयोजनाको सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य लिइएको जानकारी दिए ।



पाण्डेका अनुसार कुल ९० किलोमिटर लम्बाइ रहेको यो लोकपथको अब चार किलोमिटर मात्र कालोपत्रे गर्न बाँकी छ । कालोपत्रे गर्न बाँकी रहेको ठाउँमा अहिले एक लेनको मात्र सडक छ । चट्टान काटेर त्यहाँ दुई लेनमा स्तरोन्नति गर्नुपर्छ । त्यही भएर दुरी कम भएपनि भौगोलिक कठिनाइका कारण काम सम्पन्न गर्न समय लाग्ने देखिएको छ । 'यो लोकपथको सडक सीमा निर्धारण नगरिएकाले सडक सीमाभित्र घर/टहरा, रुखबिरुवा, बिजुलीका खम्बा, खानेपानी, ढलका पाइपलगायत 'युटिलिटी' का सामग्री रहनुका साथै लोकपथको निर्धारित क्षेत्रभित्र नै ढुंगा, बालुवालगायतको उत्खननको समस्या छ' उनले बताए ।

यो आयोजनाअन्तर्गत बागमतीमा पुल निर्माण भइरहेको इन्जिनियर पाण्डेले जानकारी दिए । उनका अनुसार दुई लेनको यो पुल ९० मिटर लामो हुने गरी डिजाइन गरिएको छ । १८ करोड रुपैयाँको लागतमा पुलको निर्माण भइरहेको हो । पुलको 'पाइलिङ' को काम सुरु भइसकेको छ । ठेक्का सम्झौता अनुसार पुलको निर्माणअवधि चालु आर्थिक वर्ष (२०८२/८३) को असार मसान्तसम्म रहेपनि यो अवधिभित्र काम सम्पन्न हुन नसक्ने उनले स्पष्ट पारे । काठमाडौंतिरबाट यो लोकपथको शून्य किलोमिटर ललितपुरको टीकाभैरव रहेको छ भने हेटौंडातिरिबाट यसको शून्य किलोमिटर हेटौंडाको बुद्धचोक रहेको छ ।

टीकाभैरवदेखि बुद्धचोकसम्म कुल ७९ किलोमिटर लम्बाइ छ । सामान्य अवस्थामा यो सडकको चौडाइ दुई लेनको रहेपनि भौगोलिकरुपले साँघुरो भएको ठाउँमा यसको चौडाइ 'इन्टरमिडियट साइज' को अर्थात् 'डबल लेन' र 'सिङ्गल लेन' को बीचमा छ । हेटौंडाको बुद्धचोकदेखि मकवानपुरगढीसम्मको दुरी १६ किलोमिटर, मकवानपुर गढीदेखि बगुवासम्मको दुरी ३५ किलोमिटर र बगुवादेखि टीकाभैरवसम्मको दुरी २८ किलोमिटर छ । बुद्धचोकदेखि टीकाभैरवसम्मको सडक कान्ति लोकपथ सडक योजनाले हेर्ने गर्दछ भने टीकाभैरवदेखि सातदोबाटोसम्मको १० किलोमिटर सडक उपत्यका सडक विस्तार आयोजनाले हेर्ने गर्दछ ।


गत आवदेखि यस सडकको 'एलाइन्मेन्ट' परिवर्तन गरी टीकाभैरवदेखि ललितपुरको एकान्तकुनासम्म गरिएको छ । यो सडक ललितपुरमा ३९ किलोमिटर र मकवानपुरमा ४० किलोमिटर पर्छ । आयोजनाका लागि चालु आव (२०८२/८३) मा ४६ करोड रुपैयाँ विनियोजन गरिएको थियो । अहिलेसम्म आयोजनामा करिब चार अर्ब रुपैयाँ खर्च भइसकेको इन्जिनियर पाण्डेले जानकारी दिए । आयोजनाको लागतअनुमान ६ अर्ब रुपैयाँ रहेकामा अहिले संशोधन गरेर कुल लागत अनुमान ८ अर्ब ८३ करोड रुपैयाँ पुऱ्याइएको छ ।

२०७६ जेठ ६ गतेको मन्त्रीपरिषद्को बैठकले कान्ति लोकपथलाई रामार्गमा विस्तार गर्ने निर्णय गरेको थियो । राष्ट्रिय राजमार्ग कम्तिमा दुई लेनको हुनुपर्ने राज्यको नीति रहेपनि यो लोकपथमा त्यो लागु हुनसकेको छैन । अन्य राजमार्ग जस्तो यसको सडक सीमा ११ मिटर छैन । यसको सडक सीमा नालीसहित आठदेखि साढे आठ मिटरसम्म मात्र रहेको छ । सन् १९५४ मा राजा महेन्द्रले सडक निर्माण सुरु गरेपछि सुरुमा सडकको नाम टीकाभैरव-हेटौंडा सडक राखिएको थियो तर, सन् १९६२ मा नेपालकी महारानी कान्तिको नामबाट कान्ति राजपथ नामकरण गरिएको हो ।

सन् १९९० को दशकको अन्त्यतिर नेपाल सरकारले यस सडकलाई नेपाल-भारत सीमामा रहेको काठमाडौंदेखि वीरगन्ज जोड्ने त्रिभुवन राजमार्ग (एच०२) को वैकल्पिक राजमार्गकारुपमा मान्यता दिएको थियो । कान्ति लोकपथ निर्माण भए तराईबाट काठमाडौं प्रवेश गर्ने १३२ किलोमिटर दुरी छोटो हुनेछ । अहिले तराईबाट काठमाडौं प्रवेश गर्ने मुख्य मार्ग हेटौंडा-नारायणगढ-मुग्लिङ-नागढुंगा हो । यसको दुरी २३२ किलोमिटर छ ।

कान्ति लोकपथ निर्माण पछि ८० किलोमिटरमै हेटौंडाबाट काठमाडौं यात्रा गर्न सकिन्छ, जसले आमयात्रुको समय र सवारीको इन्धन दुवैको बचत गर्छ । त्यसैगरी मुग्लिङ-नारायणगढ-हेटौंडा र १५८ किलोमिटरको त्रिभुवन राजपथको जोखिमपूर्ण यात्राको बाध्यता हट्ने विश्वास गरिएको छ ।

# निर्वाचन आचारसंहिताबारे पत्रकारलाई अभिमुखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ फागुन २१ गते हुन लागेको प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै मकवानपुरका सञ्चारकर्मीलाई निर्वाचन आचारसंहिता २०८२ सम्बन्धी अभिमुखीकरण गरिएको छ ।

बागमती प्रदेश निर्वाचन कार्यालयको आयोजनामा तथा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको समन्वयमा जिल्ला समन्वय समिति मकवानपुरको सभाहलमा कार्यक्रम भएको हो । कार्यक्रममा प्रदेश निर्वाचन कार्यालयका प्रमुख हरि ढकालले निर्वाचन आचारसंहिता २०८२ मा उल्लेख भएका विषयबारे जानकारी दिएका थिए । उनले आचारसंहिता अनुसार कसैको पक्ष वा विपक्षमा सञ्चारमाध्यममा मात्रै नभई सामाजिक सञ्जालमा पनि पोस्ट वा शेयर गर्न नहुने स्पष्ट पारे ।

निर्वाचनअधिकृत देवेन्द्र आचार्यले आचारसंहिता दण्डात्मकभन्दा सुधारात्मक प्रकृतिको भएको बताउँदै यसको उल्लंघनबारे सञ्चारमाध्यमले समाचार सम्प्रेषण गर्दा प्रभावकारी हुने बताए । उनले आचारसंहिताको उद्देश्य डर सिर्जना गर्नु नभई स्वच्छ र मर्यादित निर्वाचन सुनिश्चित गर्नु रहेको र यसको पालन गर्नु सबै दल, उम्मेदवार, कर्मचारी तथा सञ्चारकर्मीको दायित्व भएको स्पष्ट पारे । प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले आचारसंहिता नैतिक विषयसँग पनि जोडिएको विषय भएको उल्लेख गर्दै, कानुनले नगर्नु भनेको काम नगर्नु नै आचारसंहिताको मूल उद्देश्य भएको बताएका छन् ।

उनले व्यक्तिको संस्कार र नैतिकता आचारसंहिताको पालनाले झल्किने र सबै नागरिकले यसलाई पालना गर्नुपर्ने बताए । सञ्चारकर्मी र सामाजिक सञ्जाल प्रयोगकर्तालाई समेत आचारसंहिता लाग्ने उनले बताए । पत्रकारलाई निर्वाचनको समयमा स्वतन्त्ररुपमा कार्य गर्न जिल्ला प्रशासनले सुरक्षा व्यवस्था मिलाएको जानकारी उनले दिएका छन् । हालसम्म करिब १० वटा उजुरी प्रशासनमा दर्ता भएको उनले बताए । निर्वाचनको समयमा स्वतन्त्र र निष्पक्ष ढंगले समाचार संकलन गर्न सञ्चारकर्मीलाई प्रशासनले सुरक्षाको पूर्णरुपमा प्रत्याभूति दिलाउने समेत उनले प्रतिबद्धता व्यक्त गरे ।

प्रजिअ अधिकारीले भयरहित वातावरण निर्वाचन गराउन सञ्चारकर्मीसँग दोहोरो संवादको लागि आफूहरु तयार रहेको उल्लेख गरे । उनले सञ्चारकर्मीमाथि मतदान अधिकृतबाट गलत व्यवहार नहोस् भन्नेतर्फ प्रशासन र सुरक्षा निकाय सचेत रहेको बताए । केही विद्यालयमा चुनावी प्रचारप्रसार भएको उजुरीसमेत आएको उनले उल्लेख गरे । प्रशासनबाट सूक्ष्म मूल्यांकनकर्ता खटाइनुका साथै कानुनीरुपमा गठित समितिमार्फत् अनुगमन भइरहेको उनले बताए । आचारसंहिता कार्यान्वयनका लागि प्रमुख कोष नियन्त्रक र सहायक प्रजिअलाई आचारसंहिता पालना अधिकृत तोकिएको उनले बताए ।

प्रजिअ अधिकारीले मतदातालाई उत्साहित बनाउने, राष्ट्रसेवक कर्मचारीलाई खबरदारी गर्ने र उम्मेदवारलाई सचेत गराउने जिम्मेवारी सञ्चारकर्मीको हुने उल्लेख गरे । जिल्ला प्रशासन कार्यालयमा निर्वाचन सेलको सचिवालय स्थापना गरिएको उनले जानकारी दिएका छन् । अभिमुखीकरणमा पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारी, पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्टलगायत जिल्लाका विभिन्न सञ्चारमाध्यममा आवद्ध पत्रकारको सहभागिता रहेको थियो ।

# परिणाममुखी विकास गर्ने लामाको प्रतिबद्धता

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुर क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार इन्जिनियर सुरेन्द्र लामा (योञ्जन)ले परम्परागत राजनीति भन्दा स्थानीय जनताको वास्तविक आवश्यकताअनुसार विकासनीति निर्माण र कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

उज्यालो नेपाल पार्टीको चुनावी प्रचारप्रसारअन्तर्गतको अभियानमा बकैया गाउँपालिका वडा नं. ५ र ७, बागमती गाउँपालिका वडा नं. ८ र ३ तथा हेटौडा उपमहानगरका विभिन्न वडामा तीव्ररुपमा अघि बढिरहेको कार्यक्रममा उनले यस्तो धारणा सार्वजनिक गरेका हुन् । उम्मेदवार लामाले गफ र भाषणभन्दा काम र परिणामलाई प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधार विकासलाई नयाँ ढंगले योजना बनाई कार्यान्वयन गर्ने उनले बताए । उनका अनुसार विकास भनेको कागजी योजना मात्र नभई जनताले प्रत्यक्ष अनुभूति गर्ने परिवर्तन हो ।

विगतका वर्षमा मकवानपुर र हेटौंडा नगरको शिक्षाक्षेत्रमा समाजसेवकको रुपमा सक्रिय रहेका इन्जिनियर लामाले निःशुल्क आइटी ट्रेनिङ, इन्टर्नसिप तथा आइटी रोजगारीका अवसर सिर्जना गर्दै धेरै युवालाई आत्मनिर्भर बन्न सहयोग गरेको अनुभव रहेको छ । उनले आफ्नो अनुभव र व्यवस्थापन क्षमताका आधारमा मकवानपुरको एक जिम्मेवार व्यवस्थापकको भूमिका निर्वाह गर्दै जनताका सबै आधारभूत आवश्यकता परिपूर्ति गर्ने र जिल्लालाई नमुना जिल्लाको रुपमा स्थापित गर्ने दीर्घकालीन योजना रहेको जानकारी दिए ।

# समय सीमामै योजना सम्पन्न गर्नुपर्नेः अध्यक्ष मुक्तान



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ कैलाश गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले समयसीमाभित्रै गाउँपालिकाभित्र सञ्चालित योजना सम्पन्न गर्नुपर्ने बताएका छन् ।

बुधबार गाउँपालिकाको अर्धवार्षिक समीक्षालाई सम्बोधन गर्दै जेठ मसान्तमा सबै योजना सम्पन्न गरिनुपर्ने निर्देशन दिएका हुन् । गाउँपालिकाले लिएको जुन लक्ष्य छ त्यस लक्ष्यमा पुग्नेगरी कार्यान्वयन गर्न कर्मचारी र वडागत जनप्रतिनिधिलाई आवश्यक समन्वय गर्न उनले आग्रह गरेका छन् । उनले शाखागत कार्यसम्पादन र मूल्यांकन राम्रो छ, वित्तीय सुशासन कायम राख्नु पर्ने भएकाले वडातहदेखि गाउँपालिकासम्म ध्यान दिनुपर्ने बताए ।

वडामा रहेका योजनालाई समयमै कार्य गर्न वडाअध्यक्षलाई समेत आवश्यक समन्वय र सहकार्य गर्न उनले आग्रह गरे । कार्यक्रममा उपाध्यक्ष बालकुमार मल्लले योजना निर्माणकार्यलाई तीव्रता दिनुपर्ने बताउँदै राजस्व संकलनमा पनि ध्यान दिनुपर्ने बताए । योजना कार्यान्वयन गर्न समस्या भए आवश्यक समन्वय र सहकार्य गरिने छ, विगतको भन्दा यसवर्ष खर्च प्रगतिमा कमी आएकोले त्यसतर्फ पनि ध्यान दिनु जरुरी रहेको उनले बताए ।

कार्यक्रममा सम्बन्धित शाखाप्रमुख, वडासचिवले चालु आवको पुस मसान्तसम्म भएका प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए । गाउँपालिकाले संघीय सरकारबाट प्राप्त अनुदान निकासा खर्च २८.७२ प्रतिशत गरेको छ भने प्रदेश सरकारबाट प्राप्त अनुदानमा ५.६६ प्रतिशत भएको छ । त्यस्तै, गाउँपालिका तथा वडागत कार्यक्रम र अर्धवार्षिक खर्च प्रगतिमा १०.७८ प्रतिशत भएको छ । क्षेत्रगत बजेट तथा खर्च प्रगति भने २५ दशमलव ४८ प्रतिशत रहेको छ । सबै अनुदान तर्फको खर्च प्रगतिमा चालुतर्फ ३६ दशमलव ७९ प्रतिशत र पुँजीगत तर्फ ८ दशमलव ०२ प्रतिशत रहेका छ । समग्रमा भने २५.४८ प्रतिशत खर्च प्रगति रहेको देखिन्छ ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रामप्रसाद शर्मा, १ नं.का वडाअध्यक्ष तेजबहादुर ब्लोन, २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, ७ का अध्यक्ष उदासकुमार भोलन, ८ का अध्यक्ष आषिश प्रजा, ९ का अध्यक्ष भूवनसिं घलान, १० का अध्यक्ष सूर्यबहादुर ब्लोन, कार्यपालिका सदस्य सुन्तली सुनार र गोरीमाया भुलनको आतिथ्यता रहेको थियो ।




## काठमाडौं टप टेलर्स

*अब टीसीएन रोडमा...*

विगत लामो समयदेखि मेनरोड बुद्धचोकमा रहेर तपाईंको सेवामा समर्पित **काठमाडौं टप टेलर्स** अब हेटौंडा-१० सीमा चोकबाट टीसीएन रोडतर्फ दुईसय मिटर पश्चिम दायाँतर्फ बर्जर पेन्टको डिलरसंगै सरेको जानकारी गराउँदछौं ।

प्रो. विष्णुलाल महर्जन
९८४५०२२६५५

साझाकुरा

## हाम्रो कुरा

# सम्पदामा असर नपार्न निर्देशन

२०६४ सालमा आधादर्जन भन्दा बढी मन्त्रीहरु काठमाडौंबाट हेलिकप्टर चार्टर गरेर मकवानपुरको बुदुनेमा द्रुतमार्ग शिलान्यास गर्न आइपुगेका थिए । आधादर्जन मन्त्रीहरुले पिक, साबेल चलाएर फास्टट्र्याकमा नाटकीय फोटोसेसन गर इएको थियो । एकपटक सिलान्यास भएको १५ वर्ष पछि पुनः मुलुकका दुईजना प्रधानमन्त्रीले लगातार काम देखाउनका लागि द्रुतमार्गको शिलान्यास गरिरहे । एउटै सडक तीनपटक सिलान्यास गर्ने हाम्रो शिलान्यासमैत्री विकासको मोडल हो काठमाडौं-निजगढ द्रुतमार्ग । शिलान्यास गरेको ४ वर्षभित्र निर्माण सम्पन्न गरी संचालनमा ल्याउने भनेर मन्त्रीहरुले धुवाँदार रुपमा भाषण ठोकेका थिए । तर, शिलान्यासको १५ वर्षसम्म सिन्का पनि भाँच्ने कामसमेत भएन । केहीदिन अघि प्रधानमन्त्री सुशीला कार्कीले निर्माणाधीन काठमाडौं-तराई द्रुतमार्ग निरीक्षण गरेकी छन् । उनले नेपाली सेनाका अधिकारी र उच्चपदस्थ कर्मचारीको टोलीसहित द्रुतमार्ग निरीक्षण गरेकी हुन् । निरीक्षणको क्रममा प्रधानमन्त्री कार्कीले सडक पूर्वाधार लगायतका विकास निर्माण अघि बढाउँदा धार्मिक विश्वास र सांस्कृतिक सम्पदालाई असर पुऱ्याउन नहुनेमा जोड दिइन् ।

उनले स्थानीयका सरोकारलाई गम्भीररुपमा लिई समाधान खोज्न निर्देशन दिइन् । स्थानीयका सरोकारलाई गम्भीरतापूर्वक ध्यान दिई समाधान खोज्नुपर्ने र आवश्यक परेको खण्डमा रेखांकन र जिरोविन्दु समेत परिवर्तनका लागि तयार हुनुपर्ने प्रम कार्कीले बताएकी छन् । उहाँहरुको विश्वासमा आधात नपुग्ने गरी हाम्रा विकास निर्माण अघि बढाउनुपर्ने भन्दै प्रधानमन्त्री कार्कीले भौतिक संरचनालगायत निर्माण गरिँदा आवश्यक पर्याप्त खाली ठाउँको व्यवस्था मिलाउन सुझाव दिइन् । प्राकृतिक विपद्को बेला खुला ठाउँको आवश्यक पर्छ, मानिसको ओहारदोहर, मेला, पर्व र भेला तथा जमघटका लागि पनि खुला ठाउँ आवश्यक पर्छ । त्यसकारण खाली ठाउँ देख्नेबित्तिकै संरचना बनाउनुपर्छ भन्ने धारणा त्याग्नुपर्छ । योजना बनाउँदा नै पर्याप्त खाली र खुला ठाउँ छाडेर योजना बनाउने र संरचना निर्माण गर्नुपर्ने उनले बताइन् । नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन द्रुतमार्गको विस्तृत आयोजना प्रतिवेदन (डिपीआर) स्वीकृतमा समय लाग्दा आयोजनाको काम सुरुगर्न ढिलाइ भएको थियो । कुल ७१ किमि लम्बाइको आयोजनाको भौतिक प्रगति हाल करिब ४५ प्रतिशतको हाराहारीमा पुगेको छ । द्रुतमार्गअन्तर्गत् ८७ वटाभन्दा बढी पुल निर्माण गर्नुपर्नेछ । तीमध्ये केही विशिष्ट प्रकृतिका ८२ मिटरसम्म अग्ला पुल छन् । त्यस्ता पुलसमेत निर्माणको अन्तिमचरणमा पुगिसकेकाले आयोजना निर्धारित मिति २०८३ चैत मसान्त र प्रारम्भिक अनुमानित लागत दुई खर्ब १३ अर्बभित्रै निर्माण सम्पन्न गर्ने सेनाले जनाएको छ । द्रुतमार्गअन्तर्गत अहिलेसम्म विशेष प्रकृतिका १३ वटा पुल निर्माण भइसकेका छन् । अहिलेसम्म ८२ मिटरसम्म उचाइका विशेष प्रकृतिका ती पुलको निर्माण सम्पन्न भएको हो । यो आयोजनाको मकवानपुरस्थित लेनडाँडा क्षेत्रमा ८२ मिटर अग्लो पुल निर्माण सम्पन्न भएको हो ।

आयोजनाका विभिन्न खण्डमा करिब १३ किलोमिटर लम्बाइका कुल ८९ वटा पुल निर्माण गर्ने गरी डिजाइन गरिएको छ । नेपाली सेनाका सहायकरथी तथा प्रवक्ता राजाराम बस्नेतले यस आयोजनाअन्तर्गत कुल ८९ वटा पुल निर्माण गर्नुपर्ने भएपनि अहिलेसम्म ८५ वटा पुल निर्माणका लागि ठेक्का सम्झौता भई काम भइरहेको बताए । सम्झौता भएकामध्ये १३ वटाको निर्माण सम्पन्न भइसकेको जानकारी दिँदै बस्नेतले द्रुतमार्गअन्तर्गत पुलको कुल लम्बाइ १२ दशमलब ८८५ किलोमिटर रहेको बताए । यस आयोजनाको काठमाडौंतर्फबाट प्रस्थानविन्दुकारुपमा रहेको खोकनामा जग्गा अधिग्रहणसम्बन्धी समस्याका कारण त्यहाँ निर्माण गर्नुपर्ने चारवटा पुलको अहिलेसम्म ठेक्का प्रक्रिया अगाडि बढाउन सकिएको छैन । निर्माणाधीन पुलमध्ये ५४ स्थानका पुलको जग हाल्ने (फाउन्डेसन) काम र ३४ स्थानका पुलको 'सब स्ट्रक्चर' सम्पन्न भइसकेको छ । आयोजनाअन्तर्गत सडक कालोपत्र गर्ने काम सुरु भइसकेको बताउँदै सैनिक प्रवक्ता बस्नेतले पाँच किलोमिटर 'सर्भिसलेन' को कालोपत्र सम्पन्न भइसकेको जानकारी दिए । ११ किलोमिटर सडकको 'सब बेस' काम पूरा भइसकेको छ । द्रुतमार्गको निजगढक्षेत्रमा जनावर हिँड्ने बाटो (एनिमल अन्डरपास) को मुख्य संरचना निर्माणको काम सम्पन्न भइसकेको छ । यो क्षेत्रमा 'टोल प्लाजा' र 'इन्टरचेन्ज' निर्माण भइरहेको छ । यस आयोजनाको बुदुने भन्ने ठाउँमा दुईवटा विश्रामस्थल तथा खोकना, बुदुने र निजगढमा एक/एक वटा इन्टरचेन्ज र टोल प्लाजा निर्माण गर्ने गरी डिजाइन गरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ माघ १६ गते शुक्रबार ३० जनवरी २०२६ । द्वादशी, माघ शुक्लपक्ष । पोहेलागा ११४६ ने.सं. । सूर्योदय ६:५४ सूर्यास्त ५:४१ । शहीद दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोगीको राम्रो साथ पाइनेछ | तुला | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ |
| वृष | : रोकिएका काम बन्ने योग छ | वृश्चिक | : समय उत्साहवर्द्धक छ |
| मिथुन | : लगानीको अवसर जुट्नेछ | धनु | : आम्दानी बढ्नेछ |
| कर्कट | : यात्रा अघि बढ्न सक्नेछ | मकर | : पितृधन लाभ हुनेछ |
| सिंह | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | कुम्भ | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| कन्या | : छिमेकमा असमझदारी बढ्नेछ | मीन | : कृषिमा हानि हुनेछ |

# निकासबिनाको निर्वाचनको के अर्थ ?



✍राजेश विद्रोही

लोकतन्त्रलाई सामान्यतः जनताद्वारा, जनताका लागि र जनताकै शासन भनेर परिभाषित गरिन्छ । तर व्यवहारमा लोकतन्त्रको मूल्य र चरित्र निर्वाचन प्रणालीले निर्धारण गर्छ । निर्वाचन केवल पाँच-पाँच वर्षमा प्रतिनिधि छान्ने औपचारिक प्रक्रिया मात्र होइन, यो राज्य र नागरिकबीचको निरन्तर 'सामाजिक सम्झौता' हो । जब यो सम्झौताले जनभावना, असन्तुष्टि र सहभागितालाई समेट्न असफल हुन्छ, तब लोकतन्त्र कमजोर बन्छ र शासन व्यवस्थाले देशलाई नयाँ दिशातर्फ लैजान सक्दैन । परिणामस्वरूप मुलुक यथास्थितिकै दुष्चक्रमा घुमिरहन्छ ।

त्यसैले हरेक निर्वाचनले जनतालाई 'डेलिभरी' दिन सक्नुपर्छ । त्यो डेलिभरी दीर्घकालीन, परिवर्तनशील र जनजीवनमा प्रत्यक्ष अनुभूत हुने खालको हुनुपर्छ । अन्यथा मुलुक अस्थिरताको सिकार बनिरहन्छह आन्दोलन, असन्तोष र विद्रोहहरू जन्मिरहन्छन् । पछिल्लो जेनजी आन्दोलन यही अवस्थाको प्रतिफल हो । यदि यस्ता आन्दोलनलाई सही तरिकाले व्यवस्थापन गर्न सकिएन भने लोकतान्त्रिक व्यवस्थाले छोटो-छोटो अन्तरालमै थप विद्रोहहरूको सामना गर्नुपर्ने हुन्छ । किनभने लोकतन्त्रलाई जीवित, सशक्त र दीर्घकालीन बनाउने काम अन्ततः जनआन्दोलनहरूले नै गर्छन् । जनखबरदारी कमजोर भयो भने शासकहरू निरंकुश, एकाधिकारवादी र स्वेच्छाचारी बन्छन् ।

आज देशमा निर्वाचित सरकारको कार्यकाल नसकिँदै जेन-जी आन्दोलनको दबाबमा अन्तरिम सरकार गठन भएको छ । अहिले अन्तरिम सरकारकै बलमा देश चलिरहेको छ । यो नेपालका लागि पहिलो घटना होइनह इतिहास साक्षी छ- अन्तरिम, सर्वदलीय र सम्झौताका सरकारहरू पटक-पटक बने । तर शासक वर्गमा आवश्यक आत्मसमीक्षा अझै देखिँदैन । उनीहरू अझै पनि अहङ्कार र घमण्डमै छन् ।

यही अस्थिर र तरल राजनीतिक जगमा फागुन २१ गते संसदीय निर्वाचनको घोषणा भएको छ । तर यो चुनाव समयमै हुन्छ कि हुँदैन भन्ने विषय जनचासोको केन्द्रमा छैन । नेता र सामाजिक सञ्जालमा चुनाव सुरु भइसकेको देखिए पनि आम जनतामा यसको उत्साहजनक अनुभूति नै छैन ।

यस्तो अवस्थामा पुरानै संरचना र मानसिकतामा आधारित निर्वाचनबाट फेरि पनि उही प्रकृतिको सरकार बन्ने हो भने त्यसको आयु र प्रभाव दुवै कमजोर हुनेछ । त्यसैले वर्तमान सरकार र त्यसपछि बन्ने सरकारले जनआन्दोलन र जनआकाङ्क्षालाई बिनासर्त सम्बोधन गर्नैपर्छ ।

आजको नेपाली सन्दर्भमा उठेका गम्भीर सवालहरू- नो भोट, राइट टु रिकल, अन्तरजिल्ला तथा विदेशमा रहेका नागरिकका लागि डिजिटल वा वैकल्पिक मतदान- केवल प्राविधिक विषय होइनन् । यी गहिरो संवैधानिक र संरचनात्मक लोकतान्त्रिक सङ्कटका सङ्केत हुन् । यस्ता सवाललाई बेवास्ता गरेर गरिने परम्परागत निर्वाचनले देशलाई नयाँ निकास दिन सक्छ कि सक्दैन भन्ने प्रश्न अत्यन्त गम्भीर बनेको छ ।

दोस्रो, राज्य पुनर्संरचना र समावेशिताको प्रश्न झनै पेचिलो छ । देशको विविधताअनुसार सबैले अपनत्व महसुस गर्ने सँघीय संरचना, जनसंख्याका आधारमा निर्वाचन क्षेत्र निर्धारण, आत्मनिर्णय र स्वशासनसहितको संघीयता, लक्षित वर्गलाई केन्द्रमा राखेको समानुपातिक समावेशी प्रणाली, सुशासन र स्थिर सरकार- यी सबै विषय आज पनि अपूरै छन् । यिनै अपूर्णताले पटक-पटक विद्रोह र आन्दोलन जन्माइरहेका छन् ।

नेपालमा संविधानतः लोकतान्त्रिक व्यवस्था छ, निर्वाचन नियमित हुन्छन्, सरकारहरू परिवर्तन भइरहन्छन् । तर यो सतही नियमितताभित्र गहिरो असन्तोष, निराशा र अविश्वास बढ्दो छ । मतदान प्रतिशत घट्दो छ, युवापुस्तामा राजनीतिक वितृष्णा बढ्दै छ र 'कसैलाई भोट दिन मन छैन' भन्ने भावना व्यापक बन्दै गएको छ । यही अवस्थाले 'नो भोट' को आवश्यकता अझ प्रस्ट पार्छ ।

जब मतदाताले उपलब्ध सबै उम्मेदवारप्रति असन्तुष्टि जनाउँछ, उसलाई त्यसलाई वैधानिक रूपमा अभिव्यक्त गर्ने अधिकार हुनुपर्छ । तर नेपालमा यस्तो विकल्प नहुँदा मतदाता या त बाध्य भएर 'कम खराब' रोज्छ, या मतदान प्रक्रियाबाट बाहिरिन्छ, या भोट बदर गर्छ । यी तीनै अवस्था लोकतन्त्रका लागि घातक हुन् ।

'नो भोट' को अभावले राजनीतिक दल र उम्मेदवारलाई गलत सन्देश दिन्छ । जित्नेले आफूलाई जनताको पूर्ण समर्थन प्राप्त भएको भ्रम पाल्छ, जबकि ठूलो हिस्सा मौन असन्तुष्ट हुन्छ । यदि नो भोटको व्यवस्था हुन्थ्यो भने दलहरू आत्मसमीक्षा गर्न बाध्य हुन्थे- नेतृत्व परिवर्तन, नीति सुधार र नयाँ सोचको खोजी सम्भव हुन्थ्यो । तर परम्परागत निर्वाचन प्रणालीले असन्तुष्टिलाई दबाएर राख्छ, जसले दीर्घकालमा विस्फोटको जोखिम बढाउँछ ।

यससँगै जोडिएको अर्को महत्त्वपूर्ण विषय हो- 'राइट टु रिकल' । निर्वाचन जितेपछि जनप्रतिनिधि पाँच वर्षसम्म लगभग उत्तरदायित्वमुक्त हुने अवस्था छ । भ्रष्टाचार, असक्षमता वा जनविरोधी कार्यप्रति जनताले बीचमै प्रभावकारी कदम चाल्ने संवैधानिक उपाय छैन । पाँच वर्ष कुर्नुबाहेक विकल्प छैन ।

परिणामतः जनप्रतिनिधि जनता होइन, पार्टी, सत्ता समीकरण र स्वार्थ समूहप्रति उत्तरदायी बन्छन् । राइट टु रिकलको व्यवस्था भएको लोकतन्त्रमा प्रतिनिधि सधैं जननियन्त्रणमा रहन्छ । 'जनविश्वास गुमेमा पद पनि गुम्न सक्छ' भन्ने डरले शासन जिम्मेवार बन्छ । अर्को गम्भीर कमजोरी नागरिक सहभागिताको सङ्कुचन हो । आन्तरिक बसाइँसराइ, वैदेशिक रोजगारी र अध्ययनका कारण लाखौं नेपाली मतदानबाट वञ्चित छन् । संविधानले समान नागरिक माने पनि निर्वाचन प्रणालीले उनीहरूको सहभागिता सुनिश्चित गर्न सकेको छैन ।

मतदानका लागि आफ्नै जिल्ला र बुथमा फर्किनुपर्ने बाध्यता धेरैका लागि असम्भव छ । आजको प्रविधिमैत्री युगमा डिजिटल, हुलाक वा दूतावासमार्फत मतदान सम्भव छ । धेरै देशले यो अभ्यास सफलतापूर्वक अपनाइसकेका छन् । नेपालमा यसको अभाव प्राविधिक होइन, राजनीतिक इच्छाशक्तिको कमी हो । जब ठूलो जनसंख्याको मताधिकार व्यवहारमै कुण्ठित हुन्छ, निर्वाचनको वैधता कमजोर हुन्छ ।

त्यसैले प्रश्न उठ्छ- यस्तो परम्परागत निर्वाचन प्रणालीले देशलाई नयाँ निकास दिन सक्छ? निकासबिनाको निर्वाचनको के अर्थ रहन्छ? नयाँ निकास भनेको केवल सरकार परिवर्तन होइन । यो शासन संस्कृतिको रूपान्तरण हो- सुशासन, पारदर्शिता, राजनीतिक स्थिरता, समावेशी विकास, नवप्रवर्तनशील नीति र जनविश्वासको पुनःस्थापना । तर जब निर्वाचन प्रणालीले उही दल, उही नेतृत्व र उही शक्ति संरचना पुनरुत्पादन गर्छ, तब नयाँ समाधानको सम्भावना न्यून हुन्छ ।

लोकतन्त्र स्थिर व्यवस्था होइन, यो निरन्तर सुधारको प्रक्रिया हो । सुधारको स्पष्ट दिशा र राजनीतिक प्रतिबद्धताबिना 'समय आफैँले समस्या समाधान गर्छ' भन्ने विश्वास भ्रम मात्र हो । प्रविधिलाई सुरक्षित बनाउन सकिन्छ, कानुनी जटिलता संविधान संशोधनमार्फत समाधान गर्न सकिन्छ । तर राजनीतिक इच्छाशक्तिबिना कुनै पनि सुधार सम्भव हुँदैन ।

यसर्थ, नो भोट, राइट टु रिकल, डिजिटल तथा वैकल्पिक मतदानको व्यवस्था लगायतका विषय नसमेटिएको परम्परागत निर्वाचन प्रणालीले देशलाई नयाँ निकास दिन सक्दैन । यसले केवल पुराना असफल अभ्यासलाई वैधानिकता दिन्छ र जनअसन्तोषलाई दबाएर राख्छ ।

वास्तविक निकासका लागि निर्वाचन प्रणाली जनकेन्द्रित हुनैपर्छ, जहाँ असहमतिको सम्मान हुन्छ, प्रतिनिधि निरन्तर जननियन्त्रणमा रहन्छन् र हरेक नागरिकको सहभागिता सुनिश्चित हुन्छ । त्यसैले प्रश्न निर्वाचन हुन्छ कि हुँदैन भन्ने होइनह प्रश्न हो- निकासबिनाको निर्वाचनको के अर्थ ? आज सुधार नगरे भोलि लोकतन्त्र स्वयं सङ्कटमा पर्न सक्छ । यही चेतना आजको सबैभन्दा ठूलो आवश्यकता हो ।

*(साभार: अनलाइनखबर)*

# देश, जनता, शिक्षा र सञ्चार क्षेत्र

✍मुक्तिबन्धु

हाम्रा पुर्खाहरु भन्थे- सत्य बोल, प्रिय बोल, प्रिय छैन भने सत्य पनि नबोल । प्रिय बोल्छु भनेर असत्य पनि नबोल । यही हो सनातन धर्मको मर्म ।

*सत्यं ब्रूयात् प्रियं ब्रूयात् नब्रूयात् सत्यमप्रियम् ।*
*प्रियं च नानृतं ब्रूयात् एष धर्मः सनातनः ।*

एउटा युग थियो श्रुतिबोधको युग । त्यस युगमा जो जानिन्थ्यो सुनेरै जानिन्थ्यो । त्यसताका वेद अर्थात् ज्ञानको नाम नै श्रुति थियो । कसैलाई विद्वान् भन्नुपर्दा उहाँ बहुश्रुत हुनुहुन्छ भनिन्थ्यो । बहुश्रुत अर्थात् धेरै सुनेको । सुनेका कुरालाई सम्झनामा जोगाइराख्न विविध विधिहरु सिकाइन्थ्यो । यसका लागि सुन्नेलाई प्रतिज्ञा नै गराइन्थ्यो, जस्तै- श्रुतं मे गोपाय ।

गुरुलाई ब्रह्मा, विष्णु र महेश्वर मानिने त्यस युगमा शिक्षामा विद्या पनि समाविष्ट हुन्थ्यो । शिष्यलाई विविध व्यावहारिक, व्यावसायिक क्षेत्रमा दक्ष बनाउनका साथै मानवधर्म र सामाजिक, सांस्कृतिक, नैतिकताप्रति निष्ठावान् बनाउनु गुरुको अनिवार्य दायित्व नै मानिन्थ्यो । गुरुहरु स्वभाव पहिचान र सही मार्गबोधनमा सावधान रहेर शिष्यलाई प्रबोधन दिन्थे ।

कालान्तरमा कतिपय समुदायमा हिङ सकिँदा पनि सुगन्धित टालो बाँकी रहन्थ्यो । यथासमय हिङको आपूर्तिमा समाजले पहल गर्थ्यो । मानिसहरु अनुचित काम गर्न लाज मान्थे, डर मान्थे । जति घुम्ती घुमिदा पनि समयले लिक छोडेको थिएन । दाउ हेर्दा हेर्दै अराजकता असफल भएका घटना, कथाहरु सुनिन्थे । गाडीबाट खासखास डिब्बा छुटाएर गुडाउने प्रयास असफल भएका कथाहरु सुनिन्थे । यी सबै अब ती दिनका कुरा भए ।

अहिले गुरुकुल छैन । गुरुकुलीन शिक्षा व्यवस्था पनि छैन । शिक्षा शिक्षण सामग्रीहरुमा अभूतपूर्व विकास भएको छ । गाउँ-गाउँसम्म सडक विकासपछि गाउँ-गाउँबाट युवा पलायन भएजस्तै शिक्षालय र शिक्षण सामग्रीको विकासपछि शिक्षाको मर्म अर्थात् ज्ञान शिक्षणबाट पलायन भएको छ ।

आज समाजमा शिक्षितहरु यत्रतत्र बहुतायत भेटिन्छन्, ज्ञानी भेटिँदैनन् ।लाग्छ, समय अनेकौं युगका घुम्ती पार गरेर आज अर्को नयाँ घुम्तीमा आइपुगेको छ । सही गन्तव्यमा पुग्न सही बाटो पहिचानको महत्व विगतमा पनि थियो, आज पनि छ । विगतका तुलनामा अहिले सही गन्तव्य एवं सही बाटोका पहिचानको महत्व कैयौं गुना बढेको छ । मानिस क्रमशः भीड बन्दै गएको छ । भीडभित्र भेडा बन्दै गएको छ । भीडका चिन्तनमा कम्पास हराएको छ । समयको संकेत हराएको छ । भीडमा भेडा आफैँ हराएको छ । ब्जाँसाप्रति त विश्वास थिएन भेडाको । एक भेडाप्रति अर्को भेडाको पनि विश्वास हराएको छ । अवस्था सरदर विकराल छ ।

यथातथ्य अवलोकनमा स्पष्ट देखिन्छ, कर्तव्य र अकर्तव्यका बीच विवेकबोध आज मुलुकको शिक्षा व्यवस्थाबाटै चिप्लेर हराएको छ । नामको नयाँ शिक्षा न नयाँमा राम्ररी उक्लिन सकेको छ, न पुरानोमा उभिन पाएको छ । भुइँफुट्टा अवस्थितिमा छ । यसैले आजको शिक्षित दीक्षित नयाँ मान्छे भीडबाट छुट्नासाथ आफूलाई एक्लै र बेग्लै ठान्छ । आफैँ आफू अज्ञात ठान्छ । आत्मविश्वासमा उभिएर स्थितिबोध गर्दैन । आत्मबोध गर्दैन । प्रगतिपरक परिवर्तनका निमित्त प्रयत्नको आँट गर्दैन ।

श्रुतिको महत्व आज पनि कम छैन, तथापि सत्यापित श्रुतिपरम्परा राम्रै ओझेलमा परेको छ । घामले धाम फेरेको छ । जीवनबोधका दृष्टिले सत्य बोल्नुको महत्व घटेको छैन र पनि बढी महत्व आज असत्य नबोल भन्नुको छ । सामान्य जनजीवनमा समेत सत्य खडेरीमा पहराको मुसेखरु भएको छ ।

सञ्चार क्षेत्रमा अझ विशेषतः सामाजिक सञ्जालका क्षेत्रमा आज सत्य भयंकर कुपोषणमा परेको छ र टिठ लाग्दो गरी दुब्लाएको छ । असत्यका तिघ्रा-पाखुरा हलक-हलक हुँदै बढेका छन् । उसका जिब्रा बढेका छन् । वाचालता बढेको छ । यसैले नेपाली जनसाधारण आज कुहिराको काग बनेको छ । यस असामाजिक कुहिरोलाई पनि कतिले सामाजिक सञ्जाल नै भनेका छन् । भन्नुपर्ने कुरा भने यति मात्र होइन, बनमारा बनमा मात्र सीमित छैन ।

एक समय थियो । स्कुल थिएनन् र पनि शिक्षा थियो, विद्या थियो । पुस्तक नपढेर पनि मानिसहरु शिक्षित थिए । व्यवसाय-दक्ष थिए, श्रमशील थिए, न्यायशील थिए, विवेकशील थिए, कर्तव्यशील थिए, देशभक्त थिए, वीर थए, बहादुर थिए । तिनले देश बनाए । संस्कार, संस्कृति, मूल्य-मान्यता बनाए । सभ्यता सजाए, समाज बनाए । इतिहास बनाए । नयाँ पुस्तालाई उपहार दिएर गए । आज हामी तिनलाई आदर साथ सम्झन्छौं, गौरवसाथ सम्झन्छौं । आज ती दिन छैनन् ।

नेपालमा अक्षर चिनेर मात्र शिक्षित बनिन्छ भन्ने प्रायोजित स्कुले शिक्षाको इतिहास धेरै लामो छैन । सञ्चारको इतिहास धेरै लामो छैन र पनि केही नमेटिने व्यक्तित्वहरु सम्झनामा छन् । केही पत्रपत्रिका पनि छन् । देश र जनतालाई शिरोपर राखेर आँधीबेहरीमा उत्रेका नामहरु छन् । गोपालदास, मणिराज, पुष्कर लाल, मदनमणिलगायत अरु पनि हस्तीहरु छन् सम्झनामा । कति सशक्त स्तम्भलेखक छन् । कति पुरोगामी स्तम्भ लेखक पनि छन् । समय सचेत साहित्यकारहरु छन् ।

प्रतिबद्ध राजनयिकहरु छन् । यसै बीच मिसन पत्रिकारिताका अठार पुराण छन् । कति धेरै सकारात्मक छन् । पठनीय र स्मरणीय धेरै छन् । सञ्चारको इतिहास धरै धनी नभए पनि त्यति गरिब नै पनि छैन । विश्वासका धरहराहरु उभिन्थेका पुरुषसूक्त र नारीसूक्तहरु पनि बनेका छन् । आस्थाका सदानीरा अविरल प्रवाहिणी नदीजस्ता देशभक्त नेपाली जनताका अनगिन्ती गाथा कथाहरु छन् । 'राष्ट्रे वयं जागृयामः पुरोहिताः स्वाहा' को अनाहत नाद छ । राष्ट्रको पुरोगामी नेतृत्व निमित्त आफूलाई स्वाहा गरिआएका त्यागी योगी नेताका अविच्छिन्न यशोधाराका निनादहरु छन् ।

ती सबै अतीतमा छुटेका छन् । वर्तमानमा विविध संकटहरु छन् । विकराल आततायी यथास्थिति संकट । उत्तरोत्तर परिमार्जित जनसंस्कृति निमित्तक समुन्नत एवं सन्तुलित क्रान्तिविहीनताको संकट । युवापलायनजन्य संकट । नियमित अस्थिरता र गरिबी प्रसार संकट । शिक्षा संकट । स्वास्थ्य संकट । रोजगारी संकट । प्रायोजित धर्मसंकट । संकटहरु हटाउन भरपर्दो प्रयास नहुनुको संकट । यत्रतत्र विदेशपरस्तताको संकट । यस्तोमा श्रुति स्मृति पुराण विस्मृतिको संकट । जनमनमस्तिष्कमा शिव संकल्प घोष सुन्न छोडिनुको संकट । धेरै छन् संकट । यस्ता स्थितिमा मार्गदर्शनकारी भरपर्दो सञ्चारस्वर सुन्न नपाइनुको संकट असह्य बन्दै जानुको विडम्बना गहन गम्भीर इनारजस्तै यथार्थ जहाँ हर्हराउँदो तिर्खा मेट्न पानी छैन । कानै हराइसकेको मुलुकमा गुनासो केले सुन्ने ?

आदरणीय राजनीतिक योद्धा, लेखक तथा सञ्चारकर्मी शक्ति लम्सालका स्मृतिमा उहाँका परिवारले प्रलेसको व्यवस्थापनमा प्रतिवर्ष कुनै उपयुक्त पात्रलाई प्रदान गरिने गरी अक्षयकोष स्थापना गरेको चर्चा छ । चर्चामा प्रशंसाभावहरु छन् । कुनै पनि योगदानीका नाममा कृतज्ञताको बत्ती बाल्नु प्रबुद्ध मानव संस्कृतिमा प्रशंसनीय कुरा नै हो । यसको प्रशंसा नगर्नु कन्जुस्याइँ ठहर्छ । देश र जनताका लागि आर्थिक, राजनीतिक, सांस्कृतिक क्षेत्रमा आवश्यक रुपान्तरणाको लक्ष्यबोधका साथ ज्यान हत्केलामा राखेर लागि परेका सेवाभावी व्यक्तित्वहरु परिवारका सदस्य मात्र हुँदैनन्, देश र जनताका आत्मीय योद्धा मित्र पनि हुन्छन् । कति त मोडल नै हुन्छन् ।

एक मध्ययुगीन एसियाली महाकविले जिज्ञासा राख्दै लेखेका थिए- कसैका सद्गुणलाई पनि दोष देखाएर खिसीट्यूरी गर्ने सामन्त र तिनका अनुयायी कृतघ्नहरु त समाजमा धेरै भेटिन्छन् । कसैका परमाणु जति सकारात्मक गुणलाई पनि पहाडलाई जत्तिकै महत्व दिएर हार्दिकताका साथ त्यसका विकासमा लागिपर्ने सज्जन कृतज्ञ व्यक्ति आजको समाजमा कति होलान् हँ ? 'परगुण परमाणून् पर्वतीकृत्य नित्यम् निज फदि विकसन्तः सन्ति सन्तः कियन्तः ?'

समकालीन समाजको राजनीतिक चेतना र अवस्था हेर्दा मध्ययुगीन कविको यो जिज्ञासा आज पनि यथावत् कायमै छ कि जस्तो पनि लाग्छ । भौतिक र आत्मिक प्रगतिका मार्गमा मानवतालाई अगाडि बढाउने साधनामा अनेकौं क्रान्तिकारी सन्त, योगी र सेवाभावी समर्पित त्यागी-तपस्वी राजनीतिक, सांस्कृतिक व्यक्तित्वहरुको योगदान छ । कतिलाई इतिहासले विविध कथा कृतिहरुमा कृतज्ञताका साथ समेटेर जोगाएको छ । कति अनाम छन् । हरेक दिन आफ्नो आँखाको धर्ती र आकाशप्रति कृतज्ञता व्यक्त गर्दै दैनिक कामको आरम्भ गर्ने संस्कृतिमा पनि अझै खोट बाँकी छ ।

समाजमा कति व्यक्ति वैयक्तिक र पारिवारिक स्वार्थबाट बाहिर निस्कन सकेका छैनन् । समाजकै प्रगतिपरक रुपान्तरण गर्न सकिने ठाउँमा पुगेर पनि भ्रष्टाचारको दलदलमा गाडिएका छन् । विगत दशकौँदेखि आम जनताको अवस्था सधैं अत्यास लाग्दो मात्रै छ । यो यस्तो अवस्थामा आफ्नो घर-परिवारको अकिञ्चन यथास्थिति यथास्थित छाडेर क्रान्तिकारी सिद्धान्त निष्ठा र प्रतिबद्धताका साथ समाजको यथास्थिति बदल्न र जनतालाई प्रगतिको बाटोमा हिँडाउन ज्यान हत्केलामा राखेर लागिपरेका योगदानी व्यक्तित्वको देहावसानपछि तिनका योगदानका कथा नयाँ पुस्ताका लागि जीवन्त राख्न अग्रसर रहनुपर्ने दायित्व त्यसै पीडित परिवारकै हो ? त्यसै परिवारकै मात्र हो ? यसबारे व्यापक बहस हुनु जरुरी छ ।

परम्परागत पुरातन श्राद्ध संस्कृतिमै सर्वसाधारण जनजीवन सीमित रहँदाका दयनीय अवस्थामा पनि यसको पुनर्व्याख्या मूल्यांकन र प्रगतिपरक रुपान्तरणमा अग्रिम भूमिका निर्वहन गर्ने दायित्व कसको ? क्रान्तदर्शी बौद्धिक व्यक्तित्वविशेषको अथवा क्रान्तिकारी राजनीतिक पार्टी बनेको छ भने त्यसको ? क्रान्तिकारी भनिएको पार्टी विशेषमै अवबद्ध रहेर सामाजिक, सांस्कृतिक, राजनीतिक आमूल परिवर्तनको राजनीतिमा जीवन समर्पित गर्दागर्दै देहावसान भएका कुनै पनि परिवारका सदस्यको स्मृतिमा श्रद्धा सम्मान जनाउने कार्यक्रम आयोजना गर्न स्वयं परिवारले नै पहल गर्नुपर्ने र अन्यथा कतैबाट कुनै पहल नहुने स्थिति पनि सामाजिक, सांस्कृतिक र राजनीतिक दृष्टिले दयनीय होइन र ? परिवार सम्पन्न नै छ भने पनि यहाँ प्रश्न प्रधान दायित्वको हो । जनताबीच व्यापकरुपमा कृतज्ञता व्यक्त गर्ने दायित्वको हो ।

हामीले थाहा पाएसम्म आदरणीय शक्ति लम्साल दशकौँअघि कम्युनिस्ट पार्टीको सदस्य भएर पार्टीकै निर्देशन मुताबिक मुलुकको आर्थिक, राजनीतिक, सांस्कृतिक आमूल परिवर्तनका निमित्त सञ्चार क्षेत्रमा समर्पित रहेर आजीवन काम गरेका कर्मठ व्यक्तित्व हुनुहुन्थ्यो । आरम्भबाटै जनयुद्धमा होमिएका अनुशासनबद्ध सांस्कृतिक नेतृत्व हुनुहुन्थ्यो । यो कुरा पनि अब उहाँका परिवारले नै जनताका कान-कानमा सुनाई हिँड्नुपर्ने कि ? हामीले हेर्दा त यो सबै दायित्व सम्बन्धित राजनीतिक पार्टीको हो । पार्टीमा आबद्ध जन-जनको हो ।

नेपालका क्रान्तिकारी भनिएका राजनीतिक दलहरुको संस्कृतिमा योगदानीहरुप्रति कृतज्ञताका लागि र आफ्ना राजनीतिक परिजनप्रति आवश्यक दायित्वबोधका लागि आजसम्म पनि कुनै ठाउँ ठहर नै बन्न सकेको छैन भने यो एक गम्भीर चिन्ताको विषय हो । यी राजनीतिक दलका नेता, उपनेता तथा कार्यकर्ताहरु संस्कृतिका क्षेत्रमा अझै मध्ययुगीन सामन्ती मानसिकताबाट अगाडि उम्किन सकेका छैनन् भने यो अरु गम्भीर चिन्ताको विषय हो । चिन्ता गरौं । चिन्ता गर्न पाएकैमा बधाई छ हामीलाई !

*(साभार: न्यूज अफ नेपाल)*

# राजनीतिमा एल्गोरिदमले फस्टाएको घृणाको खेती

काठमाडौं/लेखक सीके लाल फेसबुक-एक्स-टिकटक जस्ता प्लेटफर्मलाई (अ)सामाजिक सञ्जाल भन्छन् । उनले यसो भन्नुको कारण छ- सामाजिक त यो हुँदै होइन, किनभने यो व्यक्तिपरक छ । एन्टी-सोसियल पनि भनिहाल्न मिल्दैन, किनभने यहाँ सबै एन्टी-सोसियल पनि हुँदैनन् । त्यसैले यो सामाजिक पनि होइन, असामाजिक पनि होइन । बरु यो ए-सोसियल (अंग्रेजी) हो । यसलाई नेपालीकरण गर्दा आफूले '(अ)सामाजिक' भन्ने गरेको सिके लालले बताउने गरेका छन् ।



पत्रकार सुधीर शर्माको पडकास्टमा उनले गरेको यो तर्क आसन्न प्रतिनिधिसभा निर्वाचनको प्रचारबाजीसम्म आइपुग्दा करिबकरिब सही साबित हुन थालेको देखिन्छ । सञ्जालमा राजनीतिक तर्क र बहसभन्दा पनि व्यक्तिकेन्द्रित प्रचार धेरै छ, त्यसमा पनि एकोहोरो गालीगलोज बढेको देखिन्छ ।

जस्तो, २० जनवरीमा सामाजिक सञ्जाल फेसबुकमा बुस्ट नै गरेर एउटा कन्टेन्ट पोस्ट भयो । आशिष खड्का नामको ह्यान्डलबाट गरिएको उक्त पोस्टमा लेखिएको छ - फ* स्वतन्त्र पार्टी । फ* बालेन्द्र शाह हो कि के हो । फ* रवि लामिछाने । फ* नाइके प्रचण्डे । लभ नेपाल ।

उनको यो पोस्ट राष्ट्रिय स्वतन्त्र पार्टीले प्रधानमन्त्री उम्मेदवारमा प्रोजेक्ट गरेका नेता बालेन शाहबाट प्रभावित भएर गरेको देखिन्छ । केही समयअघि काठमाडौं महानगरपालिकाको तत्कालीन मेयर रहँदा बालेनले यस्तै भाषाशैलीमा सामाजिक सञ्जालमा लेखेका थिए । विभिन्न राजनीतिक दल र विदेशी राष्ट्रलाई सम्बोधन गर्दै उनले गाली गरेका थिए । यद्यपि, बालेनको त्यो पोस्ट सोही रात डिलिट भयो । उनकै शैलीमा बालेनमाथि नै गाली गरिएर लेखिएको आशिषको उक्त पोस्टको विज्ञापन पनि अहिले एक्टिभ छैन । मेटाले त्यो 'एड रिमुभ्ड' भएको जनाएको छ ।

आशिष खड्काले उक्त पोस्टको विज्ञापन चलाउँदा करिब एक मिलियन प्रयोगकर्तामा पुर्याउने टार्गेट गरेका थिए । तर सो विज्ञापन फेसबुकले एक घण्टाभन्दा धेरै चल्न दिएन । मेटा एड लाइब्रेरीमा हेर्दा उक्त एड करिब एक घण्टा मात्र एक्टिभ भएको छ ।

यसरी सके एल्गोरिदममै खेलेर आफ्नो पोस्टमा रिच पुर्याउने, नभए 'पेड क्याम्पेन' नै चलाउने प्रवृत्ति बढ्दो छ । अझ चुनावी छेको पारेर सामाजिक सञ्जालमा पैसा तिरेर बुस्ट गर्ने नेताहरूकै संख्या पनि बढ्दो देखिन्छ । यो आफैंमा एउटा व्यवसायको रूपमा अघि बढिरहेको छ । यसकै आडमा बढ्दै छ- घृणा राजनीति । जानकारहरूका अनुसार, सूचना-प्रविधिको यो समयमा जसले एल्गोरिदम बुझेर काम गर्छ, ऊ नै छिटो मतदातासम्म पहुँच राख्न सफल हुन्छ । आफ्ना कुरा सुनाउन भ्याउँछ । त्यसैले नेताहरू एल्गोरिदमको आडमा आफ्नो प्रचारबाजीमा लागिपरेका देखिन्छन् । 'डिजिटल इन्फ्लुएन्स' बढाउन सामाजिक सञ्जालमा सक्रिय साइबर समूहहरू नै बनाएका छन् । 'पोलिटिकल मार्केटिङ' गराउने केही कम्पनीले त साइबर टोली नै बनाएर आफ्ना नेता जिताउने अभियान चलाएको देखिन्छ ।

'हामीले जसरी हुन्छ, आफूलाई 'पे' गर्ने नेतालाई जिताउने हो । यसको लागि कस्ता कन्टेन्ट फाल्नेदेखि साइबर सेना नै प्रयोग गरेर प्रभाव बढाउनेसम्मका काम गरिन्छ,' बुद्धनगरमा कम्पनी खडा गरेर राजनीतिक क्याम्पेन चलाइरहेका एक सञ्चालक भन्छन् । आफूहरूले सामाजिक सञ्जालको एल्गोरिदममा खेलेर सम्बन्धित नेतालाई जिताउन क्याम्पेन चलाउने रणनीति अख्तियार गर्ने ती सञ्चालकले अनलाइनखबरसँग बताए ।

यही सञ्जालको एल्गोरिदममा टेकेर घृणाको खेती गर्ने अभ्यास भने नयाँ होइन । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको 'आइटी सेल'बाट प्रभावित भएका नेताहरूले नेपालमा पनि सोही रणनीति अनुशरण गर्न थालिसकेको निकै भयो । जस्तो, साइबर सेना बनाएर खटाउने कामको सुरुवात नै एमालेले गर्यो । एमाले महेश बस्नेतको नेतृत्वमा साइबर सेना नै गठन गरेर सामाजिक सञ्जालमा आक्रामक भएको थियो । त्यसको केही समयपछि एमालेमै रहँदा नेता प्रभु शाहले 'आईटी आर्मी' गठन गरे । सामाजिक सञ्जालमार्फत क्रियाशील हुने योजनामा गठन भएका यस्ता समूहलाई पछि अन्य दलहरूले पनि अघोषित रूपमै भए पनि लागु गर्न थाले ।

सोही क्रम अहिले झन् बढ्दो अवस्थामा छ । कतिले त आफूलाई मन परेका नेताको आलोचना गर्नेलाई मेसेजमा समेत तथानाम गाली दिइरहेको गुनासो सञ्जालमा भेटिन्छ । एकअर्काको विचार र समर्थनलाई लिएर विपक्षीले अपशब्दसम्म प्रयोग गर्न थालेका कयौं उदाहरण सामाजिक सञ्जालमा भेटिन्छन् । सञ्जालमा एजेन्डा कम, गाली धेरै सुनिएको भन्दै चिन्ता पनि सञ्जाल भित्रै देखिन्छ ।

त्यसैकारण कतिपय नेताहरूले एकअर्कालाई गाली नगरी चुनावी प्रचारमा उत्रनसमेत भनेका छन् । नेपाली कांग्रेसले अरूलाई तथानाम गाली नगर्न कार्यकर्ता पंक्तिलाई अनुरोध गरेको छ । रास्वपा नेता बालेन शाहले पनि अरूलाई गाली गर्ने समयमा आफूलाई बलियो बनाउन भनेका छन् ।

शुक्रबार तेह्रथुममा पार्टीका उम्मेदवार तथा कार्यकर्तासँग छलफल गरेका बालेनले भनेका थिए, 'कसैलाई गाली नगर्नुहोला, कुनै पार्टीको कुनै नेतालाई गाली नगर्नुहोला, गाली गरेर काम छैन, गाली गरेर हुने पनि केही छैन, अरूलाई गाली गर्ने समयमा बरु आफूले के गर्न सकिन्छ त्यो कुरा राखिदिनुभयो भने चाहिँ चुनाव राम्रै हुन्छ ।'

तर, बालेनले भन्दैमा सामाजिक सञ्जालमा यो क्रम किन रोकिन्थ्यो ? रास्वपाकै नेता भनिएका कमेडियन हिमेश पन्तले सोमबार मात्र सञ्जालमा कसैलाई उद्धृत गर्दै लेखेका छन्, 'केपी ओली अत्यन्त महत्वपूर्ण व्यक्ति हुनुहुन्छ देशका लागि ! त्यसकारण उहाँलाई जतनसाथ माटो मुनि गाडिदिनुपर्छ ।' कार्यकर्ता तहमा यो हुँदै गर्दा नेतृत्व तह पनि सम्हालिएको देखिँदैन । जस्तो, तेह्रथुममा आफूले समर्थकलाई भनेको भावनाविपरीत बालेन आफैं सञ्जालमा प्रस्तुत भए । एमाले अध्यक्ष केपी शर्मा ओलीले सार्वजनिक आह्वानलाई स्वीकार्दै आफू विभिन्न दलबाट प्रधानमन्त्री प्रोजेक्ट भएका व्यक्तिबीच 'पब्लिक डिबेट' गर्न तयार रहेको सन्देश दिए । सोही पोस्टमा प्रतिक्रिया दिँदै बालेनले भनिदिए- ७६ जनाको हत्यारा र उसको मतियारसँग मञ्च सेयर गर्दिनँ ।

भदौ २३ र २४ गतेको घटनालाई लक्षित गर्दै बालेनले थप लेखेका थिए, 'तपाईंहरूले आफैं २३ गते बच्चाहरू मारेको आतंकवाद लुकाउन २४ गते जलाएको हो ।' यसरी पुष्टि नभइसकेको र अनुसन्धान जारी रहेको विषयमा लान्छित गर्नुलाई चुनावी आचारसंहिता विपरीत भएको ठानिन्छ । निर्वाचन आयोगले पनि उक्त कमेन्टलाई लिएर बालेनसँग स्पष्टीकरण मागिसकेको छ ।

बालेनका प्रतिस्पर्धी ओली पनि कम्ती छैनन् । उनले बालेनभन्दा अगाडि नै भदौ २३ र २४ गतेको घटनामा कित्ताकाट गरेझैं पोस्ट गरेका थिए । सार्वजनिक बहस गर्न तयार रहेको बताउँदै ओलीले 'नयाँ-पुराना सबै दलहरू अहिले चुनावमा होमिएका छन् । देश जलाउने र देश बनाउने पक्षबीच हुने यो प्रतिस्पर्धामा हाम्रो पार्टी नेकपा एमाले देश बनाउनेतर्फबाट मैदानमा छ' भन्दै लेखेका थिए ।

'देश जलाउने र देश बनाउने' भनेर कित्ताकाट गरिदिएका ओलीले भदौ २४ को घटनामा बालेनलाई अप्रत्यक्ष रूपमा दोषी देखाएका छन् । यसले प्रधानमन्त्रीमै प्रोजेक्ट भएका शीर्ष नेताहरू नै कसरी गालीगलोजमा उत्रिएका छन् र व्यवहारबाट हेट स्पिचलाई बढवा दिइरहेका छन् भन्ने स्पष्ट देखिन्छ ।

सर्लाही-४ मा नेपाली कांग्रेसका सभापति गगन थापाका प्रतिस्पर्धी अमरेश सिंहका बोली-व्यवहार पनि उस्तै देखिन्छ । बालेनलाई देशका महानायक भन्दै उनले यदि बालेनले हारे आफूले आत्मदाह गर्ने भन्दै हिंसात्मक धम्की दिए । 'हामी सीता माताका सन्तान हौं । सीमा माता यही धर्तीमा समाहित भएकी थिइन् । बालेन प्रधानमन्त्री भएनन् भने म जनकपुरको धर्तीमा समाहित हुनेछु,' उनले दोहोर्याएर भनेका थिए, 'बालेन प्रधानमन्त्री बनेनन् भने म जनकपुरको रणभूमिमा आत्मदाह गर्नेछु ।'

अमरेशको यो अभिव्यक्ति अझै रोकिएको छैन । सर्लाही पुगेका उनले गगन थापाले सर्लाही-४ मा चुनाव जिते पनि आफूले आत्मदाह गर्ने अर्को घोषणा गरिसकेका छन् । कतिपय अन्तर्वार्तामा त उत्तेजित सुनिएका उनले अपशब्द बोल्दै आफ्ना प्रतिस्पर्धीमाथि गालीगलोज गरिरहेका छन् । उनका अन्तर्वार्ता सम्प्रेषण गर्न बाध्य कतिपय मिडियाले त उनका अपशब्द छोप्न 'सेन्सर बिप' नै राख्नुपरेको छ ।

त्यस्तै, एमाले नेता महेश बस्नेतले त समुदाय लक्षित टिप्पणी गरेपछि सिंगो मधेशमा एमाले रक्षात्मक बन्नुपरेको थियो । गत सोमबार जनकपुरमा आयोजित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सभामा वरिष्ठ नेता बालेन शाहले मैथिली भाषामा 'मधेशिया छौरा' भन्ने शब्द प्रयोग गरेका थिए । मैथिली भाषामा 'छौरा' शब्दको अर्थ नेपालीमा 'केटो' वा 'छोरो' हुन्छ । तर एमाले नेता बस्नेतले उक्त शब्दलाई बंग्याउँदै 'छाउरा' भनेर अर्थ्याए । त्यसको नेपाली अर्थ 'कुकुरको बच्चा' हुने भन्दै मधेशी समुदायले बस्नेतको आलोचना गर्यो । बस्नेतको उक्त अभिव्यक्तिलाई मधेशी समुदायप्रति अपमानजनक र घृणात्मक भन्दै सामाजिक सञ्जाल तथा राजनीतिक वृत्तमा विरोध भयो । बस्नेतमाथि कानुनी कारबाही गर्न माग पनि भयो ।

समुदाय लक्षित घृणा फैलाउने अभिव्यक्ति एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले पनि दिएपछि राजनीति झन् तरंग बन्न पुगेको थियो ।

केही समयअघि कान्तिपुर टेलिभिजनको युट्युब च्यानलमा प्रसारित एक भिडिओ अन्तर्वार्तामा ओलीले भनेका थिए, 'दमक सफा नगरहरूमध्ये पर्छ, व्यवस्थित नगरहरूमध्ये पर्छ । यो महोत्तरी-धनुषा जस्तो अवस्थामा होइन, त्यो भन्दा धेरै एड्भान्स छ । सफा-सुग्घर बेग्लै छ । उहाँ त्यो कल्चरबाट आएको मान्छे, यस कल्चरमा... उहाँले खै यहाँ गुइँठा बाल्न सिकाउनुहुन्छ कि के गर्नुहुन्छ, मलाई थाहा छैन ।'

यसरी पार्टीका शीर्ष तहका नेतादेखि कार्यकर्ता तहसम्म पछिल्लो समय घृणाको बाढी देखिन्छ । अझ फेक आईडीबाट हुने गालीगलोज बढ्दो छ । देशका प्रधानमन्त्री भइसकेका व्यक्तिबाट समेत यस्ता टिप्पणी आउनु अत्यन्तै दुःखद रहेको बताउँछन्, समाजशास्त्री डा. दिपेश घिमिरे । घिमिरेका अनुसार, नेताहरूको यो उग्र भाषणले सामाजिक सहिष्णुता र बहुलवादलाई कमजोर बनाउँछ । यस्तो राजनीतिक संस्कार देखेका नयाँ पुस्तालाई घृणा र अपमान नै राजनीतिको हिस्सा रहेछ भन्ने सिकाउँछ ।

'एकदमै गलत ट्रेन्ड बढिरहेको छ । घृणाजन्य अभिव्यक्तिलाई पनि सामान्य ठानेर गालीगलोज गरेको देखिन्छ, त्यो पनि शीर्ष भनिएकै नेताहरूबाट । यसले आउँदो पुस्तामा राजनीति भनेकै यस्तै रहेछ भन्ने गलत बुझाइ बनाउने डर हुन्छ, जुन कालान्तरमा हाम्रो लागि अत्यन्त घातक हुन्छ,' घिमिरेले भने ।

के यसअघि (सामाजिक सञ्जालको प्रभाव नहुँदै) चाहिँ नेताहरू यसरी प्रस्तुत हुँदैनथे त ? जवाफमा घिमिरे थप्छन्, 'त्यसबेला केही सीमित मिडियाहरूले सम्पादन गरेर हेट स्पिच कम फैलाउँथे । तर अहिले बिना फिल्टर सिधै दर्शकसम्म पुग्छ । पहिलाका नेताहरूले गालीगलोज नगर्ने होइन । तर अहिले प्रचार रप्रसार व्यापक भयो । यसले गर्दा गालीगलोजलाई सामान्य तरिकाले हेर्न थलिएको देखिन्छ, जुन सबैभन्दा डरलाग्दो कुरा हो ।'

एआई विज्ञ दोभान राई सामाजिक सञ्जालको एल्गोरिदमले घृणात्मक वा उत्तेजक अभिव्यक्तिलाई छिटो प्रोमोट गर्दा झन् समस्या निम्तिने बताउँछिन् । उनका अनुसार एल्गोरिदमले धेरै इन्गेजमेन्ट (लाइक, कमेन्ट, रिट्विट, सेयर) भएका पोस्टहरूलाई बढी देखाउँछ र प्रोमोट गर्छ । हेट स्पिचमा उग्र, भावनात्मक कुरा हुन्छ, जसले मानिसहरूको ध्यान तान्छ र छिट्टै भाइरल हुन्छ । 'जे कुरामा मान्छे धेरै इन्गेज हुन्छ, सामाजिक सञ्जालको एल्गोरिदमले त्यसैलाई पुस गर्छ,' राईले भनिन्, 'अनि मान्छेहरू पनि त्यस्तै कन्टेन्टमा धेरै अडिने हुन्छ । यसले गर्दा पछिल्लो समय घृणा र गालीगलोज बढिरहेको देखिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# मुकुन्दप्रसाद र उमेशको जाडीलाई ब्याडमिन्टनको उपाधि



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ ज्ञानदिप खेलकुद सप्ताह अन्तर्गत बुधबार ब्याडमिन्टन प्रतियोगिता सम्पन्न भएको छ ।

ज्ञानदिप बहुउद्देश्यीय सहकारी संस्था र ज्ञानदिप शिक्षा निकेतन माध्यमिक विद्यालयको ज्ञानदिप रजत महोत्सव २०८२ को अवसरमा ज्ञानदिप खेलकुद सप्ताह भएको हो । बुधबार भएको फाइनल खेलमा मुकुन्दप्रसाद भट्टराई र उमेश पौडेलको जोडीले उपाधि जितेको छ ।

मुकुन्दप्रसाद र उमेशको जोडीले फाइनल खेलमा हरेराम आचार्य र राजेश घिमिरेको जोडीलाई २१-८ र २१-१५ को सोझो सेटमा पराजित गर्दै उपाधि जितेको हो । त्यसअघि भएका सेमिफाइनलका खेलहरुमा हरेराम र राजेशको जोडीले विश्वनारायण श्रेष्ठ र र घुराम पराजुलीको जोडी तथा मुकुन्दप्रसाद र उमेशको जोडीले सुवास कार्की र प्रकाश बानियाँको जाडीलाई पराजित गर्दै फाइनलमा स्थान बनाएको थियो ।

बुधबार नै भएको तेस्रो स्थानको खेलमा सुवास र प्रकाशको जोडीले विश्वनारायण र रघुरामको जोडीलाई २१-४ र २१-७ को सेट पराजित गरेको सहकारीका सचिव एवम् रजत महोत्सव मुल समारोह समितिका सदस्य सचिव लीलानाथ ढुंगेलले जानकारी दिएका छन ।

उनका अनुसार महोत्सवको समुद्घाटन माघ १६ गते बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले गर्ने छन् भने माघ १७ गते सांस्कृतिक कार्यक्रम र १८ गते समापन समारोह हुनेछ ।

१ हजार ४ सय ९० जना विद्यार्थी अध्ययनरत् यस विद्यालयले रजत महोत्सवको अवसरमा सम्पूर्ण विद्यार्थीलाई ज्ञानदिप रजतबाट सम्मान गरिने समेत सचिव ढुंगेलले बताए ।

## चौंथो कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिता

# राइडर्स र थर्डआइ जापान समुराइ विजयी, विष्णु र तक्षक चम्किए



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडा-८, कमानेस्थित कमाने क्रिकेट क्लबको आयोजनामा तथा हेटौंडा स्कूल अफ म्यानेजमेन्टको सहकार्यमा जारी चौंथो संस्करणको कमाने प्रिमियर लिग (केपीएल) क्रिकेट प्रतियोगिता अन्तर्गत बुधबार दुई महत्वपूर्ण खेल सम्पन्न भएका छन् । दिनभर भएका प्रतिस्पर्धात्मक खेलमा कमाने राइडर्स र कमाने थर्डआइ जापान समुराइ विजयी भएका छन् ।

बुधबारको पहिलो खेलमा कमाने राइडर्सले कमाने लायन्सलाई ४६ रनले पराजित गर्दै प्रतियोगितामा दोस्रो जित दर्ता गराएको छ । टस जितेर पहिले ब्याटिङ गरेको कमाने राइडर्सले १८ ओभर ५ बलमा १ सय ५० रन बनाउँदै सबै विकेट गुमायो । राइडर्सको ब्याटिङमा विपुल खनालले ४० बलमा ६१ रनको आकर्षक पारी खेले भने विष्णु राउतले २२ बलमा ५२ रन बनाउँदै आक्रामक ब्याटिङ प्रस्तुत गरे । सुखेन्दु सुमान्थले पनि १५ बलमा १८ रनको योगदान दिए ।

कमाने लायन्सका बलर सुख कंसकार र विवेक सहनीले समान ३/३ विकेट लिए भने सम्प्रि चौलागाईंले २ विकेट लिएर बलिङमा प्रभाव देखाए ।

१ सय ५१ रनको लक्ष्य पछ्याएको कमाने लायन्स १६ ओभर ४ बलमा १ सय रन मात्र बनाएर अलआउट हुन पुग्यो । लायन्सका लागि विकास डंगोलले २१ बलमा २६ रन, शुभ कंसकारले १० बलमा २२ रन र रमेश लुईंटेलले १२ बलमा १९ रन जोडे पनि टिमलाई जितसम्म पुऱ्याउन सकेनन् । राइडर्सका बलर विष्णु राउतले ४ विकेट लिँदै अलराउन्ड प्रदर्शन गरे भने राम नरेश गिरीले ३ विकेट र नवी आल्मले २ विकेट लिए । उत्कृष्ट प्रदर्शनका कारण विष्णु राउत म्यान अफ द म्याच घोषित भए । हालसम्म ३ खेल खेलेको राइडर्सले २ जित हासिल गरेको छ भने ४ खेल खेलेको लायन्सले ३ जित र १ हार व्यहोरेको छ ।

यस्तै, बुधबारकै दोस्रो खेलमा कमाने थर्डआइ जापान समुराइले कमाने रोयल्सलाई डीएल मेथोड अनुसार ४७ रनले हराउँदै प्रतियोगितामा पहिलो जित हात पारेको छ । चन्द्रोदय माध्यमिक विद्यालयको खेलमैदानमा भएको खेलमा पहिले ब्याटिङ गरेको थर्डआइ जापान समुराइले निर्धारित २० ओभरमा ७ विकेटको क्षतिमा १ सय ८८ रन बनायो । टिमका तक्षक सिम्खडाले ६८ बलमा १ सय ४३ रनको विस्फोटक शतकीय पारी खेल्दै दर्शकलाई रोमाञ्चित बनाए । विशेष थापाले १२ बलमा १९ रन तथा निकेश श्रीवास्तवले २ बलमा ७ रन थपे । रोयल्सका प्रेम क्षेत्री र भुवन थापाले समान २/२ विकेट लिए ।

१ सय ८९ रनको लक्ष्य पछ्याउने क्रममा वर्षाले प्रभावित खेलमा डीएल मेथोड लागू गरिँदा कमाने रोयल्स १२ ओभर ५ बलमा ९१ रनमै अलआउट भयो । रोयल्सका अजय पटेलले १३ बलमा २४ रन, गौरव खड्काले ७ बलमा १२ रन र भुवन थापाले ९ बलमा ११ रन बनाए । थर्डआइका बलर अहमद राजाले ४ विकेट लिए भने निकेश श्रीवास्तव र समीर मगरले समान २/२ विकेट लिए । उत्कृष्ट शतकीय प्रदर्शनका कारण तक्षक सिम्खडा म्यान अफ द म्याच घोषित भए । थर्डआइ जापान समुराइले लिग चरणका ४ खेलमध्ये पहिलो जित निकालेको हो ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्टको मुख्य प्रायोजनमा सञ्चालन भइरहेको प्रतियोगितामा ६ टिमको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेताले १ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । बिहीबारको पहिलो खेलमा कमाने राइडर्स र कमाने इप्लानेट ब्लास्टरबीच तथा दोस्रो खेलमा कमाने एक्सपर्ट भिजन-११ र कमाने रोयल्सबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ ।

# रविलाई सेलुलाइटिसको समस्या, कति गम्भीर ?

काठमाडौं/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ । ५ माघमा पार्टीको कार्यक्रममा सहभागी हुन उनी जनकपुरमा पुगेका थिए । स्टेजबाट ओर्लिंदा लामिछानेको देब्रे खुट्टामा चोट लाग्यो । तर उनले सामान्य रूपमा लिए । केही औषधि खाए । चोट निको नहुँदै उनी आफ्नो निर्वाचन क्षेत्र चितवन तर्फको चुनावी दौडमा हिँडे ।

कामको व्यस्तताले नियमित औषधि खान भ्याएनन् । दुखाइ रोकिएन, घाउ सुन्निन थाल्यो । खुट्टा रातो भयो । चोट लागेको ९ दिनपछि लामिछाने त्रिवि शिक्षण अस्पताल पुगे ।

आकस्मिक कक्षमा भर्ना भएपछि चिकित्सकले परीक्षण गरे । प्रारम्भिक परीक्षणमा घाउ गम्भीर देखिएपछि अल्ट्रासाउन्ड गरियो । अल्ट्रासाउन्डमा केही जमेको जस्तो देखियो । अनि थप परीक्षणका लागि कल्चर परीक्षण गरियो । जसमा रविलाई 'सेलुलाइटिस' भएको पत्ता लाग्यो । 'खुट्टामा चोट लागेपछि डाक्टरलाई देखाएर औषधि लिनुभएको रहेछ । तर नियमित सेवन नगर्दा भने समस्या बल्झिँदै गएपछि मंगलबार अस्पताल भर्ना हुनुभएको छ,' त्रिवि शिक्षण अस्पतालका सूचना अधिकारी डा. गोपाल सेढाईंले भने ।

हाल लामिछाने क्याबिनमा उपचाररत छन् । डा. सेढाईंका अनुसार रविलाई छालामुनिको संक्रमण भएको हो । जसलाई सेलुलाइटिस भनिन्छ । उनलाई नसामार्फत तीनवटा एन्टिबायोटिक औषधि दिइएको छ । 'अहिले स्टेबल हुनुहुन्छ । सेलुलाइटिस हुँदा छालाको भाग रातो हुन्छ । घाउको रंग परिवर्तन हुँदै गएपछि डिस्चार्ज गर्न सकिन्छ,' डा. सेढाईंले भने ।

चिकित्सकका अनुसार नसामार्फत एन्टिबायोटिक सामान्यतया एक हप्ता दिनुपर्छ । तर घाउको रंग परिवर्तन हुँदै गएमा अबको तीन दिनमा डिस्चार्ज गर्न सकिने डा. सेढाईंले जानकारी दिए । त्यसपछि भने घरमै पनि औषधि लिन सकिने डा. सेढाईंले बताए ।

**के हो सेलुलाइटिस ?**

'सेलुलाइटिस' छालामुनि हुने एक प्रकारको संक्रमण हो । समयमा उपचार नगरेमा गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ । वरिष्ठ हाडजोर्नी विशेषज्ञ डा. दिपेन्द्र पाण्डेका अनुसार सेलुलाइटिस छालाको सतहमुनि र मासुको बाहिरी भागको बीचमा रहेको खाली ठाउँमा हुने संक्रमण हो ।

चिकित्सा भाषामा यसलाई 'सब्क्युटेनियस स्पेस' भनिन्छ । 'छाला र मासुको बीचको भागमा यो संक्रमण फैलिन्छ,' डा. पाण्डे भन्छन् । यस समस्या हुँदा संक्रमण भएको दुख्ने, रातो हुने र सुन्निने हुन्छ । उनका अनुसार, संक्रमण बढ्दै गएमा ज्वरो पनि आउन सक्छ । सेलुलाइटिसको समयमा उपचार नगरेमा गम्भीर जटिलता निम्त्याउन सक्छ । डा. पाण्डेका अनुसार, संक्रमण फैलिँदै गएमा भित्रको मांसपेशीसम्म पुग्न सक्छ ।

'धेरै फैलियो भने मांसपेशीको पनि संक्रमण हुन्छ र पिप जम्न सक्छ । कतिपय अवस्थामा शल्यक्रियाकै आवश्यकता पर्छ,' डा. पाण्डे भन्छन् । विशेष गरी ज्येष्ठ नागरिक, मधुमेह रोगी र रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिहरूमा सेलुलाइटिस समस्या 'सेप्सिस' मा परिणत हुने खतरा बढी हुन्छ । सेप्सिस रगतमा फैलिने गम्भीर संक्रमण हो, जसले ज्यान जोखिममा पार्न सक्छ । शरीरमा वाह्य भाइरस, फंगल, किटाणुको संक्रमण गर्दा प्रतिरक्षा प्रणाली संक्रमण विरुद्ध लड्न नसकेपछि सेप्सिस हुन्छ ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडा बुद्धचोक मेनरोडमा रहेर यहाँहरुको सेवामा लामो समयदेखि समर्पित यस **ब्लु हेवन टेलर्स** कान्तिराजपथस्थित **शाक्य प्लाजा** भवनमा सरेको सम्पूर्णमा जानकारी गराउँदछौं ।

ब्लु हेवन टेलर्स्
हेटौंडा-२, कान्तिराजपथ
९८४५०२२९८१

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने गरी घोषणापत्र तयार गर्न सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ नागरिक समाजका संघसंस्थाले संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने गरी घोषणापत्र तयार गर्न राजनीतिक दलहरुलाई सुझाव दिएका छन् ।

बुधवार पत्रकार सम्मेलन गरी १६ वटा सामाजिक संघसंस्थाले सामूहिक रुपमा दलहरुले घोषणा पत्रमा समेटिनुपर्ने विषयकाबारेमा सुझाव दिएका हुन् । राजनीतिक दललाई घोषणापत्रमा नागरिक अधिकार, सामाजिक न्याय, सुशासन, आर्थिक समृद्धि र समावेशितासँग प्रत्यक्ष सम्बन्धित विषय समावेश गर्न उनीहरुले अपिल गरेका छन् । आगामी फागुन २१ गते हुनगइरहेको प्रतिनिधिसभा निर्वाचन, २०८२ लाई केवल नियमित निर्वाचन नभई लोकतन्त्रको दिशा तयगर्ने ऐतिहासिक अवसरको रुपमा लिन नागरिक समाजले राजनीतिक दललाई आग्रह गरेको छ ।

आर्थिक विकासका लागि रोजगारी सिर्जना, नवप्रवर्तन, प्रविधिमैत्री उद्योग, स्वदेशी उत्पादन प्रवर्द्धन, कृषिसुधार, साना व्यवसाय र स्थानीय उत्पादनलाई प्रोत्साहन तथा गरिबी निवारणका लागि कार्यान्वयनयोग्य योजना र बजेट सुनिश्चित गर्न आग्रह गरिएको छ । संविधान गतिशील दस्तावेज भएकाले लोकतन्त्रको गुणस्तर सुधार, संघीयताको सुदृढीकरण र नागरिक जीवनसँग जोडिएका समस्या समाधानका लागि संशोधन आवश्यक रहेको गैरसरकारी संस्था महासंघका अध्यक्ष अर्जुन भट्टराईले बताए ।



संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने, राष्ट्रियसभालाई समावेशी र विज्ञमूलक बनाउने तथा प्रदेश र स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने विषयमा प्राथमिकता दिन उनले माग गरे । संविधान जारी भएको एक दशक बितिसक्दा पनि मौलिकहक, सामाजिक आर्थिक अधिकार र सुशासनको प्रभावकारी कार्यान्वयन हुन नसकेको उनको भनाई छ । वैदेशिक सहयोग र ऋणसम्बन्धी नीतिमा पारदर्शिता अपनाउँदै उत्पादनमूलक र नागरिकको जीवनस्तर उकास्ने क्षेत्रमा मात्र प्रयोग गर्न उनले आग्रह गरे ।

सशर्त ऋण निरुत्साहित गर्दै अनुदानलाई प्राथमिकता दिन तथा विप्रेषणमा आधारित अर्थतन्त्रलाई स्वदेशी पुँजी निर्माणमार्फत आत्मनिर्भरतातर्फ लैजान स्पष्ट नीति आवश्यक रहेको उनले बताए । 'संविधान स्थिर दस्तावेज नभई, समय, अनुभव र व्यवहार अनुसार परिमार्जन हुनुपर्ने गतिशील दस्तावेज हो । संविधान कार्यान्वयनको करिब एक दशकको अनुभवले केही सरचनागत, संस्थागत तथा शासनसम्बन्धी कमजोरी उजागर गरेको वर्तमान सन्दर्भमा संविधान संशोधन अपरिहार्य भएको छ । राजनीतिक दलले संविधान संशोधनको प्रक्रिया सत्ता स्वार्थ वा तात्कालिक राजनीतिक लाभका लागि नभई लोकतन्त्रको गुणस्तर सुधार, सुशासन, संघीयताको सुदृढीकरण र नागरिकको जीवनसँग प्रत्यक्ष जोडिएका सवाल समाधान गर्ने उद्देश्यले अघि बढाउने प्रतिवद्धता घोषणापत्रमा स्पष्ट राख्न आग्रह गर्दछौँ' उनले भने ।

यसक्रममा संसद र प्रदेशसभामा सदस्य संख्या घटाउने, राष्ट्रियसभामा पूर्णसमानुपातिक र समावेशी तथा विज्ञहरुको प्रतिनिधि मूलक बनाउने, संसद्लाई नीति निर्माणमा जवाफदेहि र उत्तरदायी बनाउने, संघीयताको कार्यान्वयनको सन्दर्भमा संविधानले तोकेका अधिकारको प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने र अधिकार सम्पन्न बनाउने विषयमा प्राथमिकता दिन हार्दिक अपिल गरिएको छ । 'लोकतन्त्रलाई केवल शासन प्रणालीको रुपमा नभई नागरिक स्वतन्त्रता, गरिमा, समानता र न्याय सुनिश्चित गर्ने जीवनपद्धतिरुपमा अंगिकार गर्न अपिल गर्दछौं' उनले बताए ।

नागरिक समाजले सार्वजनिक सेवालाई प्रविधिमैत्री, पारदर्शी र सेवाग्राही केन्द्रित बनाउन कर्मचारीतन्त्रमा संरचनात्मक सुधार, युवाको सीप र क्षमताको उपयोग, निजी, सहकारी र सामाजिक क्षेत्रको परिचालनमार्फत् रोजगारी सिर्जनामा जोड दिएको छ । सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि शुन्य सहनशीलता नीति, डिजिटल सेवा प्रवाह, नीति तथा बजेट निर्माणमा नागरिक सहभागिता, प्रभावकारी अनुगमन प्रणाली र संघीय संरचनाको पारदर्शिता घोषणापत्रमा समावेश गर्न आग्रह गरिएको छ ।

शिक्षा र स्वास्थ्यलाई आधारभूतरुपमा नि:शुल्क र अनिवार्य बनाउने, सार्वजनिक शिक्षाको गुणस्तर सुधार, सीपमूलक शिक्षा प्रवर्द्धन, ग्रामीण क्षेत्रमा सेवा सुदृढीकरण, बालविवाह र महिलामाथि हिंसा अन्त्य गर्न घोषणापत्रमै स्पष्ट प्रतिवद्धता माग गरिएको छ । निर्वाचन खर्च र सम्पत्ति पारदर्शिताका लागि उम्मेदवारको छुट्टै बैंक खाता, नगद कारोबार निषेध, सम्पत्ति विवरण सार्वजनिक गर्ने व्यवस्था र राजनीतिक दलका आमसभा तथा चुनावी कार्यक्रमको खर्च विवरण तत्काल सार्वजनिक गर्नुपर्ने अपिल गरिएको छ ।

घोषणापत्रलाई प्रतिबद्धता मूलक र कार्यान्वयनयोग्य बनाउन आग्रह गरेको छ । जल, जमिन, जंगल र वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुल नीति, विपद् जोखिम न्यूनीकरण र हरित ऊर्जा सम्बन्धी ठोस योजना घोषणा पत्रमा समावेश गर्नुपर्ने सुझावमा उल्लेख छ ।

'हिउँदे अधिवेशन छिटो आह्वान गर्न सचिवालय सरकारसँग निरन्तर छलफलमा'

# दलहरु आन्तरिक तयारीमा व्यस्त हुँदा बैठक बस्न ढिलाई: उपसभामुख चापागाई



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ बागमती प्रदेशसभाकी उपसभामुख अप्सरा चापागाईले दलहरु आन्तरिक तयारीमा व्यस्त हुँदा प्रदेशसभा बैठक बस्न नसकेको बताएकी छिन् ।

प्रदेशसभाको आठौं वार्षिकोत्सवको अवसरमा बुधबार प्रदेशसभा सचिवालयमा आयोजित पत्रकार सम्मेलनमा उनले सचिवालयको तयारी पुरा भएपनि दलहरुको आन्तरिक तयार नपुग्दा बैठक बस्न ढिलाई भएको बताइन् । उपसभामुख चापागाईले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको प्रक्रिया पनि अगाडि बढिसकेकोले त्यसतर्फ सरकारको काम कारवाही केन्द्रित हुँदा पनि प्रदेशसभा बैठक तुलनात्मक रुपले केही बिलम्ब भएको बताइन् । रिक्त रहेको सभामुखको पदपूर्तिको लागि राजनीतिक दलहरुसँग छलफल भइरहेको उनले बताइन् ।

नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी पार्टीबीचको एकता पश्चात् दलहरुबीच छलफल चलिरहेको उनले जानकारी दिइन् । उपसभामुख चापागाईले हिउँदे अधिवेशन छिटो आह्वान गर्न सचिवालय सरकारसँग निरन्तर छलफलमा रहेको बताइन् । उपसभामुख चापगाईले प्रदेशसभा सदस्यको भूमिका कमजोर हुँदा संघीयताप्रति नै वितृष्णा पैदा हुने बताइन् । सही कानुन बनाउन प्रदेशसभा सदस्यले पनि आफ्नो भूमिकालाई प्रभावकारी बनाउनुपर्ने उनको भनाई छ । विधेयकलाई विषयगत समितिमा सुक्ष्म ढंगले छलफल चलाउने गरेको उनले बताइन् ।

उपसभामुख चापागाईले प्रदेश राजधानी बाहेक अन्य ठाउँमा पनि सरोकारवाला व्यक्ति, विज्ञहरुको उपस्थितिमा पनि विधेयकबारे छलफल गराउने गरेको उल्लेख गरिन् । विधेयक निर्माणमा प्रदेशसभा सदस्यले पर्याप्त ध्यान दिन नसकेको महशुस सचिवालयलाई पनि भएको उनले बताइन् । पत्रकार सम्मेलनमा प्रदेश सभाका सचिव रामकुमार पौडेलले हिउँदे अधिवेशनमा बिजनेशको कमी नहुने बताएका छन् । उनकाअनुसार हाल चिठ्ठा विधेयक र चलचित्र सम्बन्धी विधेयक विचाराधीन अवस्थामा रहेको छ । सचिव पौडेलले सचिवालयमा खानेपानी तथा सर सफाई सम्बन्धी विधेयक र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी विधेयक दर्ता भएको जानकारी दिए । वन सम्बन्धी दुई विधेयक पनि सचिवालयमा आउने चरणमा रहेको उनले बताए ।

पत्रकार सम्मेलनमा सचिवालयका सचिव पूर्णबहादुर दर्जीले प्रदेशसभाले हालसम्म गरेको गतिविधि बारे जानकारी गराएका थिए । दर्जीका अनुसार प्रदेशसभाबाट पारित भएका ९० वटा कानुनमध्ये ८९ वटा कानुन प्रदेश राजपत्रमा प्रकाशित भइसकेको छ । गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा प्रदेशसभामा ३२ करोड ५४ लाख बराबरको भौतिक क्षति भएको उनले जानकारी दिए । प्रदेशसभा सचिवालय यही माघ १८ गते प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाको प्रमुख आतिथ्यतामा आठौँ वार्षिकोत्सव मनाउने भएको छ ।

**१६ जनाले रक्तदान गरे**

बागमती प्रदेशसभाको आयोजनामा भएको रक्तदानमा १६ जनाले रक्तदान गरेका छन् । प्रदेशसभाको आठौँ वार्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रमको उद्घाटन उपसभामुख अप्सरा चापागाईले रक्तदान गरेर गरेकी थिइन् ।

कार्यक्रममा रक्तसंचार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो । केन्द्रमा अहिले 'ए' पोजेटिभ ग्रुपको रगतको अभाव रहेको रक्तसंचार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिए । माघ २० गते भीमफेदी गाउँपालिकामा एक सहकारीको आयोजनामा रक्तदान कार्यक्रम रहेको प्राविधिक सापकोटाले बताए ।

# नगरस्तरीय शैक्षिक समन्वय महिला भलिबल १६ र १७ गते



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले नगरस्तरीय महिला शिक्षक तथा कर्मचारी मैत्रीपूर्ण भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ ।

गतवर्ष झैं यसवर्ष पनि प्रतियोगितालाई निरन्तरता दिएको हो । फागुन १६ गते र १७ गते दुईदिन चल्ने प्रतियोगितामा हेटौंडा नगरका २० वटा विद्यालयको टिम सहभागी हुने प्रतियोगिता संयोजक बालकुमार श्रेष्ठले जानकारी दिएका छन् । बुधबार समितिले पत्रकार सम्मेलन आयोजना गर्दै प्रतियोगिताबारे जानकारी गराएको हो । प्रतियोगिता हेटौंडा-१८ स्थित ज्योति माविको खेलमैदानमा हुने र प्रतियोगिताको प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गर्ने टिमले नगद क्रमश: २० हजार, १५ हजार, १० हजार र ५ हजार रुपैयाँ मेडल प्रमाणपत्र प्राप्त गर्ने कार्यक्रम संयोजक श्रेष्ठले जानकारी दिएका छन् ।

हेटौंडा-१८ का वडाध्यक्ष अनिल बानियाँले उद्घाटन गर्ने प्रतियोगिताको उद्घाटन् खेल सिद्धार्थ मावि र ज्योति माविबीच हुनेछ । शिक्षणका साथै अतिरिक्त क्रियाकलापमा महिला सहभागिता वृद्धि गरी सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न सहयोग पुगोस भन्ने हेतुले प्रतियोगिता आयोजना गरिएको नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष भोगेन्द्र लुइँटेलले बताएका छन् । खेलको टाइसिट सार्वजनिक गरिएको छ ।

प्रतियोगितामा हेटौंडा नगरभित्रका सिद्धार्थ मावि, प्रगति मावि, भृकुटी मावि, आधुनिक राष्ट्रिय मावि, भुटनदेवी मावि, त्रिभुवन मावि, ज्योति मावि, अरनिको मावि, गोरखनाथ मावि, श्रमिक मावि, बालज्योति मावि, बालबोध मावि, चन्द्रोदय मावि, जनप्रिय मावि, राजदेवी मावि, दीपज्योति आवि, कृष्ण आवि, बुद्ध मावि, नवज्योति मावि र निर्मल माविको सहभागिता हुने जनाइएको छ । प्रतियोगिता हेटौंडा-१८ को वडा कार्यालयको समन्वय र लगानीमा हुने वडासचिव महेश पुडासैनीले बताएका छन् ।

# उम्मेदवार राना र बकैयाका अगुवा कार्यकर्ताबीच भेटघाट

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ मकवानपुर क्षेत्र नं. १ का उम्मेदवार रामेश्वर राना र नेकपा एमाले बकैया गाउँपालिका अगुवा कार्यकर्ताबीच भेटघाट तथा राजनीतिक छलफल भएको छ ।

बकैयामा सम्पन्न कार्यक्रममा नेकपा एमाले मकवानपुर जिल्ला कमिटीका उपाध्यक्ष हिदम लामाको विशेष सहभागिता रहेको थियो । कार्यक्रममा पार्टीको वर्तमान राजनीतिक अवस्था, संगठन सुदृढीकरण, जनआधार विस्तार तथा आगामी निर्वाचनलाई लक्षित रणनीतिबारे गहन छलफल गरिएको थियो । कार्यक्रममा उम्मेदवार रानाले नेकपा एमाले नै मुलुकको राष्ट्रियता, स्थायित्व र समृद्धिको भरोसायोग्य शक्ति भएको उल्लेख गरे । उनले बकैया गाउँपालिकासहित मकवानपुर क्षेत्र नं. १ को समग्र विकासका लागि एमाले नेतृत्व अपरिहार्य रहेको बताउँदै जनताको विश्वास जित्ने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

त्यसैगरी जिल्ला कमिटी उपाध्यक्ष लामाले पार्टी संगठनलाई अझ अनुशासित, एकताबद्ध र जनमुखी बनाउन आवश्यक रहेकोमा बताए । उनले कार्यकर्तालाई जनताको घरदैलोमा पुगेर एमालेको नीति, कार्यक्रम र उपलब्धि स्पष्ट रुपमा राख्न निर्देशन दिए । आगामी निर्वाचनमा एमालेको विजय सुनिश्चित गर्न सबै तहका कार्यकर्ता सक्रियरुपमा परिचालित हुनुपर्ने उनको भनाइ थियो । भेटघाटमा बकैया गाउँपालिका विभिन्न वडाका अगुवा कार्यकर्ता, स्थानीय नेता तथा समर्थकको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागी कार्यकर्ताले पार्टीप्रति जनताको आकर्षण बढ्दै गएको बताउँदै एमालेको पक्षमा जनमत सिर्जना गर्न दृढतापूर्वक लाग्ने प्रतिबद्धता जनाएका छन् ।

# म्यानेजमेन्टको वार्षिक खेलकुद कार्यक्रम सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टको वार्षिक खेलकुद कार्यक्रम सुरु भएको छ । बुधबार म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीको सभाध्यक्षतामा हेटौंडा-४, हुप्रचौरमा खेलकुद सुरु भएको हो ।

म्यानेजमेन्टले रिले दौड, दौड, लङजम्प, हाईजम्प, ट्रिपलजम्प, सटपुट, ज्यावलिङ थ्रो लगायत खेल शुक्रबारसम्म आयोजना गर्नेछ । प्रतियोगितामा छात्र र छात्राबीच छुट्टाछुट्टै प्रतिस्पर्धा हुनेछ । प्रतियोगिताका विजेताले ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् भने एकजना सर्वोत्कृष्ट खेलाडीलाई नगद १० हजार रुपैयाँ पुरस्कार दिने म्यानेजमेन्टले जनाएको छ । उद्घाटन समारोहमा मकवानपुर जिल्ला एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डे, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको पनि आतिथ्य रहेको थियो ।

# चम्पेश्वर आविको वार्षिक उत्सव सम्पन्न



साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ थाहा-१० बिशिन्खेलस्थित चम्पेश्वर आधारभूत विद्यालयको ६४ औँ वार्षिकउत्सव तथा अभिभावक भेला थाहा नगरपालिका उपप्रमुख भरत गोपालीको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक विनोद सुवेदीले विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी दिनका लागि तय गरिएका भावी रणनीतिबारे जानकारी गराए । त्यसैगरी शिक्षक प्रतिनिधि रामजी उप्रेतीले विद्यालयमा शिक्षकले गरेका शैक्षिक तथा सहपाठ्यक्रमसम्बन्धी प्रयासबारे प्रष्ट पारेका थिए । उत्सवको अवसरमा शिक्षक सम्मान कार्यक्रमसमेत आयोजना गरिएको थियो भने विभिन्न विधामा उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीलाई पुरस्कार, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

पुरस्कारका प्रयोजकमा पूर्वविद्यार्थी बैकुण्ठ थापा आशिष्, रबिन गमाल, नगद पुरस्कारका लागि सुजन गमाल तथा वर्तमान वडासदस्य रामकृष्ण गमाल रहेका थिए । कार्यक्रमको सभाध्यक्षता विद्यालय व्यवस्थापन समिति अध्यक्ष नविना गोपालीले गरेकी थिइन् । अभिभावक भेलाले विद्यालय र अभिभावक बीचको सम्बन्धलाई अझ सुदृढ बनाउने विश्वास व्यक्त गरिएको छ ।

# घटनासम्बन्धी आधिकारिक पुष्टि प्रहरीबाट मात्र: प्रहरीप्रमुख खत्री

साझाकुरा संवाददाता

हेटौंडा, १४ माघ/ जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरीउपरीक्षक श्यामबहादुर खत्रीले शान्तिसुरक्षा कायम गर्नु र सत्यतथ्य सूचनाप्रवाह गर्नु नेपाल प्रहरीको मुख्य दायित्व भएको बताएका छन् ।

मकवानपुर जिल्लाको प्रहरी प्रमुखका रुपमा हालै जिम्मेवारी सम्हालेका प्रहरीउपरीक्षक खत्रीले बुधबार आयोजित पत्रकार भेटघाट कार्यक्रममा कुनै पनि घटनासम्बन्धी आधिकारिक पुष्टि नेपाल प्रहरीबाट मात्रै हुने भएकाले सञ्चारकर्मीलाई तथ्यपरक र आधिकारिक सूचना प्रयोग गर्न आग्रह गरेका छन् । मकवानपुरमा लागूऔषध दुर्व्यसनी बढ्दै गएको देखिएको बताउँदै आफूले जिम्मेवारी सम्हालेको ६ दिनभित्र १२ जनालाई पक्राउ गरी मुद्दा दायर गरिएको उनले बताए ।

यसैगरी फरार रहेका ११ जना अपराधीलाई पक्राउ गरिएको पनि उनले जानकारी दिए । भन्सार छलि गरी ल्याइएका करिब १ लाख ५० हजार रुपैयाँ बराबरका सामान बरामद गरिएको, ५ कठ्ठा अफिमखेती फँडानी गरिएको तथा ११ कठ्ठा गाँजा नष्ट गरिएको प्रमुख खत्रीले बताए । जनशक्ति अभावकै कारण गाँजा तथा अफिम फँडानी अभियानमा चुनौती रहेको उनको भनाइ छ । प्रमुख खत्रीले ओभर लोड बोक्ने सवारी कार्वाही गरिएको बताए ।

सवारीसाधनमा सिट क्षमताभन्दा बढी यात्रु बोकेको पाइएमा कारबाही गर्ने उनले बताए । प्रमुख खत्रीले जिल्लामा शान्तिसुव्यवस्था कायम राख्न, फागुन २१ गतेको निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न आफू प्रतिबद्ध रहेको बताए । उनले सञ्चारकर्मीले उठाएका विषयमा प्रहरीले गम्भीरतापूर्वक अनुसन्धान गरी आवश्यक कारबाही गरिने प्रतिबद्धता जनाए ।

स्वस्थ पेट तथा पाचन, स्वस्थय जीवन


बरिष्ठ पेट तथा कलेजो रोग विशेषज्ञ डाक्टर अब माघ १७ गते शनिबार हेटौंडा सिटी अस्पतालमा

पेट तथा कलेजो रोग सम्बन्धी विभिन्न समस्याहरू जस्तै:

- ग्याष्ट्रिक/अम्लता-Gastritis
- Ulcer अल्सर (पेट/आन्द्राको अल्सर)
- प्यान्क्रियाटाइटिस/अग्न्याशयको सुन्निने/सूजन
- मुख/वान्तामा तथा दिशामा रगत आउने
- तौल घट्ने, भोक नलाग्ने
- हिमोराँइट (Piles), फिसर
- कलेजो तथा पित्त थैली सम्बन्धी समस्याहरु
- पेट दुखाई, अपच, पेट फुल्ने/पानी जम्ने
- जन्डिस (Jaundice–Alcoholic तथा Viral hepatitis

साथै अन्य पेट तथा कलेजो सम्बन्धी सेवाहरू:

- Endoscopy/एन्डोस्कोपी
- USG/भिडियो एक्स-रे
- Proctoscopy/प्रोक्टोस्कोपी
- LFT (Liver Function Test)
- H. pylori test
- Viral Hepatitis Profile आदि




"फोनबाट पनि अग्रिममा नाम लेखाउन/Appointment को व्यवस्था छ ।"

डा. विजय के.सी.
बरिष्ट पेट तथा कलेजो रोग विशेषज्ञ
DM Gastroenternlogy and Hepatology
MBBS, MD Internal Medicine, DM
NMC No. 8185

थप जानकारीको लागि
हेटौंडा सिटी अस्पताल
सम्पर्क नं. ०५७-५२०३१५, ९८४१३२८८६५

Whole body check-up package/होल बडी चेक-अप प्याकेजको पनि व्यवस्था छ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना